मजदुर
The Worker Daily दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरूसँग नगदी रसिद
बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २७ ★ अङ्क : ३३४ ★ ने. सं. ११४६ पोहेला थ्व, द्वितीया ★ सोमबार ★ ७ पुस, २०८२ ★ December 22, 2025, Monday ★ मूल्य रु.५।- ★ पृष्ठ ८

## भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्नेमा जोड




भक्तपुर, ६ पुस । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ भनपा वडा नं. १ एकाइ समितिको आयोजनामा शनिबार बधाई ज्ञापन तथा सांस्कृतिक कार्यक्रम सम्पन्न भयो ।

विसं २०७७ देखि ०८२ सम्म प्रवीणता प्रमाणपत्र, दस जोड दुई, स्नातक, स्नातकोत्तर, एमफिल र विद्यावारिधि तहमा उत्तीर्ण विद्यार्थीहरूलाई बधाई ज्ञापन गरिएको सो कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले उच्च शिक्षा अध्ययन गरिसकेपछि देश र जनताको नि:स्वार्थ सेवा गर्नुपर्नेमा जोड दिनुभयो ।

चिनियाँ क्रान्तिको बेला माओ त्सेतुङसँग अन्तर्वार्ता लिएका अमेरिकी पत्रकार अन्ना लाउस स्ट्रङले गरेको योगदानको चर्चा गर्दै उहाँले नयाँ पुस्ताले संसारका राम्रा राम्रा व्यक्तित्वहरूको जीवनी अध्ययन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

देशमा आमूल परिवर्तनको लागि कामदारवर्गका जनता नै सचेत र सङ्गठित भई उठ्नुपर्ने कुरामा जोड दिँदै उहाँले देशलाई आत्मनिर्भर बनाउनेतर्फ सरकारको ध्यान नगएकोमा चिन्ता व्यक्त गर्नुभयो ।

समाजमा व्याप्त कुरीति र अन्धविश्वासको चिरफार गर्दै जानुपर्ने आवश्यकतामा जोड दिँदै उहाँले विद्यार्थीहरू अध्ययनशील, मेहनती हुनुपर्ने, अतिरिक्त क्रियाकलापमा पनि अग्रसर हुनुपर्ने बताउनुभयो ।

नेमकिपाले पहिलेदेखि भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्नेमा जोड दिँदै आएको उल्लेख गर्दै सचिव सुवालले भ्रष्टाचारीहरूमाथि कडा कारबाही हुनुपर्छ भन्नुभयो ।

भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले विद्यार्थीहरूले अध्ययनसँगसँगै खेलकुदलाई पनि लान सके स्वस्थ रहन सक्ने भएकोले भनपाले हरेक वर्ष खेलकुद प्रतियोगिता गर्दै आइरहेको बताउनुभयो ।

वडामा भएका विभिन्न विकास निर्माणका कार्यहरूबारे जानकारी गराउँदै उहाँले नगरवासीको सहयोगकै कारण भक्तपुर नगरपालिकाको गतिविधि अरू स्थानीय तहको लागि उदाहरणीय बन्दै आएको छ भन्नुभयो ।

नेमकिपा भनपा वडा नं. १ एकाइ समितिका अध्यक्ष कृष्णबहादुर दुगुजुले नेमकिपाले स्थापना कालदेखि नै कामदारवर्गलाई शासकवर्गमा पुऱ्याउने उद्देश्यअनुसार जनतालाई सचेत र शिक्षित गर्दै आइरहेको छ भन्नुभयो ।

कार्यक्रममा नेक्राविसङ्घ २४ औं भक्तपुर जिल्ला सम्मेलन तयारी समितिका संयोजक विलम सुवाल, नेक्राविसङ्घ भनसका अध्यक्ष मनिष गोरा, आयोजक समितिका सुसन किलम्बु, रोनिता किलम्बु र कृता कोजुले पनि बोल्नुभएको थियो ।

राज श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा प्रवीणता प्रमाणपत्र तहका ९५, स्नातक तहका ३०, स्नातकोत्तर तहका २०, एमफिलका २ र विद्यावारिधिका १ जना गरी १४८ जनालाई सम्मान गरिएको थियो ।

## नयाँ पुस्ता समाजमा भिज्नुपर्छ

काठमाडौँ, ६ पुस । नयाँ पुस्ता समाजमा भिज्नुपर्छ; भिजाउने प्रयास हुनुपर्छ । नयाँ पुस्ताले परिस्थिति बुझ्नुपर्छ; समाजलाई चिन्नुपर्छ र साथीभाइसँग सहकार्य गर्न र मिलीजुली काम गर्न अघि सर्नुपर्छ । समाजमा भिजेन, समाजलाई चिनेन भने नयाँ पुस्ताले टोलका साथीभाइ तथा अन्य मान्छेलाई पनि चिनेको हुँदैन । आजका कति विद्यार्थीहरू परिवारसँग पनि त्यति भिज्दैनन्, समाजको त कुरै छाडौँ । टोलका दाजुभाइ र साथीभाइलाई नचिन्ने नयाँ नयाँ विद्यार्थीलाई समाजका व्यावहारिक शिक्षा कसरी थाहा हुन्छ ? समाजका दाजुभाइसँग कुरा गर्ने तरिका कसरी थाहा हुन्छ ? समाजमा हुने रीतिथिति र संस्कारबारे, घर व्यवहारबारे केही थाहा छैन भने उनीहरू पढेलेखेका भएर पनि अबुझझैँ हुन्छन् । अनि उनीहरूले समाजका रीतिथिति र संस्कारलाई कसरी जीवन्तता दिन्छन् ? यो नयाँ पुस्ताका विद्यार्थीमा देखिएको समस्या हो ।

टोलका बासिन्दा र अग्रजहरूसँग घुलमिल नहुने व्यक्तिले आफ्नै वरपरका बासिन्दालाई पनि राम्ररी चिन्दैनन् । किनभने, उनीहरूसँग बोलचाल नै कम हुन्छ । आफ्नो व्यक्तिगत स्वार्थ मात्र हेरेर समाजसँग घुलमिल नहुँदा आपत्विपत् या सङ्कटको बेला उनीहरूप्रति समुदायको पनि ध्यान नजान सक्छ । नयाँ पुस्तालाई सही ठाउँमा ल्याउने काम पुरानो पुस्ताको हो । पुरानो पुस्ताको पुरानो अनुभव र नयाँ पुस्ताको अनुभव एक आपसमा बाँड्नुपर्छ । नयाँ पुस्ताले पुरानो, पुस्ताको पुरानो पुस्ताले नयाँ पुस्ताको अनुभव या ज्ञान थाहा पाइराख्नुपर्छ । यस्तो कार्यमा राजनीतिक कार्यकर्ता, सामाजिक कार्यकर्ता मात्र होइन समाजका अगुवा, शिक्षक, बुद्धिजीवीहरूको पनि ठुलो भूमिका हुन्छ । पुरानो पुस्ता र नयाँ पुस्ताबिच फाट्दा या एक आपसमा सहकार्य, समन्वय नभएमा न नयाँ पुस्ताले पुरानो कुरा थाहा हुन्छ न पुरानो पुस्ताले नयाँ कुरा थाहा हुन्छ ।

कति विद्यार्थीहरू घरबाट स्कूल, स्कूलबाट घरमा आवतजावत हुन्छन् र आफ्नो कोठाभित्र छिर्छन् । पढाइभन्दा मोबाइलमा झुमिन्छन् । त्यस्ता विद्यार्थीहरू खानपिनको बेलाबाहेक अरुबेला परिवारका आमाबुबासँग बस्दैनन्; कुराकानी गर्दैनन् । आफ्ना सन्तानले के गरे, के पढे, आमाबुबालाई थाहा हुँदैन । को कस्ता व्यक्तिहरू कुलत या साथीहरूसँग लागे थाहा हुँदैन । परिवारले थाहै नपाउने गरी कुलतमा लागेका व्यक्तिहरूसँग हेलमेल भएर गलत बाटोमा फसेको धेरै दृष्टान्त छ । गलत बाटोमा लागेर बिग्रिएपछि मात्रै परिवारका सदस्य या समाजले उसको आनीबानी थाहा पाएर के गर्ने ? कुलतमा फसिसकेका व्यक्तिहरूको बानी सुधार्न कठिन हुन्छ । त्यतिबेला आफ्नो सन्तानले मात्र होइन आमाबुबाले पनि दु:ख पाउँछन् । यसले सन्तानको मात्र होइन समाज र आमाबुबाको पनि बदनाम हुन्छ । कति विद्यार्थीहरू विद्यालय नै जाँदैनन्; गए पनि बिचमा कक्षा छोडेर कहाँ पुग्छन् ? थाहा हुँदैन । विद्यालय छिरे पनि हाजिरीपछिको एक दुई कक्षा बसेर कता टाप हुन्छन् । त्यस्ता चरित्रका विद्यार्थीहरूको पढाइ स्तर कसरी राम्रो हुन्छ ? उनीहरू कसरी उत्तीर्ण हुन्छन् ?

हाम्रा कति अभिभावकहरू आफ्ना सन्तानप्रति वास्ता गर्दैनन् । अनि विद्यार्थीको पढाइ स्तर खस्किएकोमा सबै दोष शिक्षकमाथि थोपर्छन् । शिक्षकले आफ्नो कर्तव्य इमानदारीपूर्वक निर्वाह गरेन भने शिक्षक पनि त्यसको दोषी

***बाँकी पृष्ठ ८ मा***

## स्तालिनको योगदान जनताले कहिल्यै भुल्न नहुने

कालीकोट, ६ पुस । नेपाल मजदुर किसान पार्टी जिल्ला समिति कालीकोटको आयोजनामा विश्व सर्वहारावर्गका महान् गुरू स्तालिको १४७ औँ स्थापना दिवसको अवसरमा आइतबार प्रशिक्षण कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नन्दबहादुर शाहीले नाजी फाँसीवादीहरूको आक्रमणबाट सोभियत सङ्घलाई बचाउन स्तालिनको अतुलनीय योगदान रहेको कारण नै सोभियत सङ्घमा समाजवादी व्यवस्थाले सफलता पाएको बताउनुभयो ।

***बाँकी पृष्ठ ८ मा***

### व्यङ्ग्यचित्र कुनो





प्रतिलिपि अधिकार संरक्षण गरौं।

❖सर्जकको सम्मान शब्दले होइन व्यवहारमा गरौं।
❖सिर्जनालाई बचाऊँ, सर्जकलाई सम्मान गरौं।
❖अर्काको सृजना वा रचना चोरी नगरौं।
❖प्रतिलिपि अधिकार उल्लङ्घन नगरौं।
❖बौद्धिक सम्पत्तिको रक्षा गरौं।
❖सृजनाको संरक्षण गरौं।

सर्जकलाई सम्मान, प्रतिलिपि अधिकारको संरक्षण ।

नेपाल सरकार
विज्ञापन बोर्ड



**साँगामा निर्माणाधीन 'अन्डरपास'**

अरनिको राजमार्गअन्तर्गत भक्तपुरको सूर्यविनायकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्म भइरहेको विस्तार कार्यअन्तर्गत साँगा-धुलिखेल सडकखण्डको दुई जिल्लाको सीमाक्षेत्र साँगामा 'अन्डरपास' निर्माणको तयारी गरिँदै । *तस्विर : राजकुमार पराजुली/रासस*

# स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ औँ जन्म दिवसको अवसरमा प्रशिक्षण

भक्तपुर, ६ पुस । विश्व सर्वहारावर्गका महान् गुरुहरू जोसेफ स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ औँ जन्म दिवसको अवसरमा आइतबार प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्लाका अध्यक्ष उपेन्द्र सुवालले कुनै पनि व्यक्तिको जन्मोत्सव मनाउनुको अर्थ उहाँहरूले आफ्नो काम, कर्तव्य र व्यवहारबाट विश्व जगत्मा पुऱ्याएको सेवाको स्मरण गरेर हामीले पनि देशमा योगदान पुऱ्याउनु नै हो भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टीले प्रतिक्रियावादी शक्तिभित्र पसेर जनताको सेवा गर्न सकिन्छ भन्ने लेनिनवादी सिद्धान्तअनुरूप पञ्चायती चुनावमा भाग लिएर जनताको हितमा काम गरेको औंल्याउँदै उहाँले माओ किसानको घर-घरमा गएर नै सङ्गठन बनाएर किसानको हितमा लागेझैं किसानहरूलाई सङ्गठित गरेर किसानको सेवामा निःस्वार्थरूपमा लाग्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले जनताको घर-घरसम्म गएर व्यापक जनतालाई बुझाउन नसकेसम्म देशमा अस्थिर र अशान्ति भइरहने विचार व्यक्त गर्नुभयो ।

जनतालाई सचेत र सुसूचित पार्न अथक मेहनत गर्नुपर्ने बताउँदै उहाँले बहुमत जनतामाझ राजनैतिक चेतना फैलाउन विभिन्न कार्यक्रम तथा प्रशिक्षण कक्षा सञ्चालन गर्नुपर्ने उल्लेख गर्नुभयो ।

सङ्घका अध्यक्ष विक्रम ढुकुछुको सभापतित्वमा भएको उक्त कार्यक्रममा सङ्घका उपाध्यक्ष रामसुन्दर सुवाल र सचिव पुण्यराम न्हुछेले पनि बोल्नुभएको थियो ।

# पनौतीमा 'भृकुटी' को जन्मघर तथा उद्यान निर्माण गरिने

काभ्रेपलाञ्चोक, ६ पुस । राष्ट्रिय 'विभूति' 'भृकुटी' को जन्मघर र उद्यान पनौतीमा निर्माण गरिने भएको छ। यसका लागि पनौती नगरपालिका कार्यालयले सरोकारवाला निकायसँग छलफल र अन्तर्क्रिया थालेको छ।

भृकुटी स्मृति प्रतिष्ठानका अनुसार भृकुटीको उद्यानसहितको जन्मघर खोपानीमा बन्न लागेको हो । उक्त भौतिक संरचना निर्माणका लागि जिल्लास्थित सहरी विकास तथा भवन कार्यालय, पनौती नगर, भृकुटी प्रतिष्ठान र कृष्ण इन्जिनियरिङ एन्ड डिजाइन कन्सल्टेन्सीले संयुक्त रूपमा छलफल थालेका हुन् ।

प्रतिष्ठानका अध्यक्ष विश्व उलकका अनुसार मल्लकालीन सबैभन्दा पुरानो मन्दिरलाई आधार मानेर चालु आर्थिक वर्षभित्रै बुद्धको अनुयायीका रूपमा स्थापित भृकुटीको उद्यानसहितको जन्मघर निर्माण सुरु गरिनेछ ।

बाग्मती प्रदेश सरकारले चालु आवमा रु. एक करोड विनियोजन गरेको जनाइएको छ । परामर्शदाता इन्जिनियर पारस महतले प्रस्तावित भवन निर्माणस्थल, भवनको स्वरूप र लागतसम्बन्धी प्रस्तुति गर्नुभएको छ । उहाँका अनुसार भृकुटी जन्मघर निर्माणमा रु. १३ करोड ३९ लाख र भृकुटी पार्क निर्माणमा रु. पाँच करोड दुई लाख ४३ हजार लाग्ने अनुमान गरिएको छ । दुवै आयोजना सम्पन्न गर्न करिब रु. २६ करोड आवश्यक पर्ने उहाँको भनाइ छ ।

भृकुटीको जन्म विसं ६८१ (सन् ६२४) माघ १ गते मकर सङ्क्रान्तिको दिन राजा उदयदेव र रानी भद्रावतीको कोखबाट काभ्रेको खोपासीमा भएको विभिन्न अध्ययनले पुष्टि गरेको छ । नगरप्रमुख रामशरण भण्डारीले पनौतीको ऐतिहासिक तथा धार्मिक महत्वलाई पनौतीमै महोसत्व बुद्धको जन्म भएको तथा पनौतीको खोपासीबाट भृकुटी बुद्धको विवाह भई तिब्बत पुगेर बौद्ध धर्मको प्रचारप्रसार भएको इतिहासले बढाएको बताउनुहुन्छ । खोपासीमा भृकुटीको जन्मघर निर्माण हुँदा पनौतीमात्र नभई समग्र राष्ट्रकै हितमा रहने अपेक्षा गरिएको छ । ***रासस***

# वडा नं. ३ मा हाडजोर्नी तथा नसा रोगसम्बन्धी निःशुल्क स्वास्थ्य शिविर

भक्तपुर, ६ पुस । भक्तपुर नगरपालिका वडा नं. ३ को आयोजना तथा ख्वप अस्पतालको प्राविधिक सहयोगमा शनिबार वंशगोपालमा हाडजोर्नी तथा नसा रोगसम्बन्धी निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भयो ।




कार्यक्रममा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले मेडिकल सामग्री हस्तान्तरण गरी भक्तपुर नगरपालिकाले नगरवासीहरूको स्वास्थ्यलाई ध्यानमा राखी समय-समयमा वडा समितिमार्फत विविध रोगको निःशुल्क शिविर सञ्चालन गरिरहेको धारणा राख्दै नगरवासी स्वस्थ रहेमात्र राम्रो, स्वस्थ नगर बन्ने भएकोले आ-आफ्नो स्वास्थ्य परीक्षण गरी उपचार गर्न सके धनजनको क्षतिबाट बच्ने प्रस्ट पार्नुभयो ।

कार्यक्रममा ख्वप अस्पतालका डा. मनिष प्रधानाङ्गले भनपाले भक्तपुर नगरवासीमात्र होइन देशभरिका बिरामीलाई विविध रोगको बारेमा सेवा प्रदान गर्दै हाडजोर्नी नसालगायतमा सम्पूर्ण उपचार दिइरहेको धारणा राख्नुभयो । भक्तपुरवासीलाई टाढा गएर होइन, सबै आफ्नै ठाउँमा सेवा दिन अग्रसर भइरहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा कार्यपालिका सदस्य सुनिता अवाल, वडा सदस्य कृष्णगोपाल चौगुठीले पनि बोल्नुभएको थियो ।

उक्त शिविरमा १३९ जना पुरुष तथा महिलाले आफ्नो स्वास्थ्य परीक्षण गराएका थिए । शिविरमा ख्वप अस्पतालमा डा. मनिष प्रधानाङ्ग र श्रेया शर्माले परीक्षण गर्नुभएको थियो । साथै आवश्यक औषधि निःशुल्क वितरण गरिएको थियो ।

# गाउँमै उद्योग स्थापना भएपछि किबी उत्पादन गर्ने किसानलाई राहत

धनकुटा, ६ पुस । गाउँमा नै किबी खपत गर्ने वाइन उद्योग सञ्चालनमा आएपछि धनकुटाको महालक्ष्मी नगरपालिका-२ किबी किसानलाई राहत पुगेको छ ।

स्थानीय दुर्गामणि पौडेलले काठमाडौँबाट फर्किएर वडाको घुमाउनेस्थित तोरीबारीमा रु. १० करोड लागतमा पाँच सय टन किबी खपत गर्ने क्षमताको उद्योग सञ्चालनमा ल्याएपछि किसानहरू लाभान्वित भएका हुन् । ठूलो किबी बजारमा सहजै बिक्री भए पनि मझौला तथा साना किबी बजारमा नबिक्ने समस्या छ । तर, अहिले वाइन बनाउन उद्योगले ती सबै खरिद गर्न थालेपछि गाउँका ५० परिवारलाई राहत भएको माझखर्कका किसान टीकाराम गुरुङले जानकारी दिनुभयो ।

सात वर्षअघिबाट १० रोपनीमा किबीखेती गर्दै आउनुभएका तामाङले उद्योग स्थापनापछि धाएर बजारसम्म लैजानुपर्ने र बजार खोज्नुपर्ने समस्याबाट राहत मिलेको जानकारी दिनुभयो । हाल प्रतिकिलो रु. ५० देखि रु. ८० सम्ममा उद्योगलाई किबी बेच्दै आएका गुरुङले किबीको मूल्य प्रतिकिलो रु. एक सयभन्दा बढी नभएसम्म किसान मर्कामा परिरहेको हुँदा प्रत्यक्ष अनुदान दिएर किसानलाई राहत दिनुपर्ने सुझाव दिनुभयो ।

त्यसैगरी, विगत १५ वर्षअघि तोरीबारी गाउँमा ३० रोपनीमा किवीखेती गर्दै आउनुभएका तिलबहादुर पौडेलले उद्योग स्थापनाले बजारको समस्या समाधान भएको जानकारी दिनुभयो । "भाउ तलमाथि त्यस्तै हो तर उद्योग सञ्चालनमा आएपछि ठूलो राहत भएको छ," पौडेलले भन्नुभयो । उद्योग स्थापनाले सो गाउँका ७० भन्दा बढी किसान लाभान्वित भएको उहाँले जानकारी दिनुभयो ।

वार्षिक रु. १५ लाखसम्मको किबी बेच्दै आउनुभएका पौडेलले उद्योग बनेपछि काठमाडौँ, विराटनगर, झापालगायत स्थानमा किबी बेच्नुपर्ने बाध्यता अन्त्य भएको जानकारी दिनुभयो । नगरको यस वडालाई छ वर्षअघि किबी पकेट क्षेत्र घोषणा गरेपछि वडाका तोरीबारी, घुमाउने, माझखर्क, खापाङ गाउँका किसान व्यावसायिक किबीखेतीतर्फ आकर्षित भएका थिए ।

किबीको बढ्दो उत्पादनसँगै बजारको समस्या भइरहेका बेला उद्योग स्थापनापछि गाउँका करिब एक सय किबी किसानलाई राहत मिलेको वडाध्यक्ष पदम रखाल मगरले जानकारी दिनुभयो । विसं २०७४ देखि एक सय रोपनीमा किबीखेतीसहित वसन्तपुर तीनजुरे बेभ्रेज प्रालिमार्फत आउने माघबाट 'तीनजुरे बगान' नामक किबी वाइन ल्याउने तयारी पूरा भएको उद्योग सञ्चालक दुर्गामणि पौडेलले जानकारी दिनुभयो । यो वर्ष आठदेखि १० टन किबी खपत सुरु गरेको उद्योगले आगामी दिनमा कोसी प्रदेशभरिका ५० टन किबी खपत गर्ने उहाँले जानकारी दिनुभयो । ***रासस***


**श्री गणेश माध्यमिक विद्यालय**

चानपा-५, छालिङ, गडी, भक्तपुर

**क्याटलग सपिङ विधिबाट सवारी साधन खरिदसम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०९/०७ गते, सोमबार**

यस श्री गणेश मा.वि.चा.न.पा.-५, छालिङका लागि एक थान न्यूनतम ३४+१(D) सिटर पहेँलो युरो ६ (Uro-6) मोडलको स्कूल बस खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट सामुदायिक विद्यालयलाई प्रदान गरिने आवश्यक कर छुट माग गरी कर छुट पछिको हुन जाने न्यूनतम लागत मूल्यमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधनसहित) को नियम ३१ (ख) बमोजिम र नेपाल सरकारको चारपाङ्ग्रे सवारी साधन (स्कूल बस: प्रदूषण मापदण्डबमोजिम क्याटलग सपिङ विधिबाट खरिद कार्य गर्नुपर्ने भएको हुँदा इजाजत प्राप्त उत्पादक वा अधिकृत बिक्रेताले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र नवीकरण भएको इजाजत पत्र, आयकर र मूल्य अभिवृद्धि करदाता दर्ता प्रमाणपत्र र गत आ.व.को कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरूसमेत संलग्न गरी उत्पादकको बसको आधिकारिक स्पेसिफिकेसन, गुणस्तर, मूल्य तथा सुविधासहितको विवरण (क्याटलग वा ब्रोसर) हरू समावेश गरी सिलबन्दी प्रस्ताव (निवेदन) सहित मिति २०८२ साल पुस २१ गते दिनको १:०० बजेभित्र विद्यालय प्रशासनमा दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी तथा म्याद नाघिआएका प्रस्तावउपर कुनै कारबाही हुनेछैन । प्राप्त प्रस्तावहरू स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विद्यालयमा निहित रहनेछ । यससम्बन्धी विस्तृत जानकारीको लागि विद्यालय प्रशासनमा सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**सवारी साधनको सङ्क्षिप्त विवरण :**

| Contract no | Type of Vehicle | Quanatity | Remark |
|---|---|---|---|
| २०८२/०८३ /१०१ | Right hand Drive layout model bus not less than 34 Seaters (2*2), with safety handles | 1 Unit | For detail Specification, Please contact school administration. |

सम्पर्क : ९८४१३६८४६४/९८४१४७२६१९ | Email:sgsschhaling@gmail.com

**विश्व सङ्क्षेप**

## नेपालगञ्जमा सार्वजनिक नीति साझेदारी ऐन पारित

नेपालगञ्ज, ६ पुस । नेपालगञ्ज उपमहानगरपालिकाले संशोधनसहित आर्थिक ऐन, २०८२ र सार्वजनिक नीति साझेदारी ऐन नगरसभाबाट पारित गरेको छ । नगरसभाले बजेट तथा योजनाको पुनरावलोकन गर्दै उपमहानगरपालिकाले वडा कार्यालयलाई दिएको बजेटको सिलिङ पाँच प्रतिशत घटाएको उपमहानगरपालिकाका प्रवक्ता तथा नेपालगञ्ज-१ का वडाध्यक्ष प्रमोद रिजालले जानकारी दिनुभयो ।

वडाहरूमा रु. एक करोडको हाराहारीमा बजेट निकास हुँदै आएको थियो । सो बजेटको पाँच प्रतिशत रकम पुनःनिर्माणमा लगाइन्छ । जेनजी प्रदर्शनपछि उपमहानगरपालिकाको कार्यालयसहित वडा नं ७ र ९ मा क्षति पुगेको थियो । प्रवक्ता रिजालले सहरको सौन्दर्यकरण, सहरको पर्यटकीयस्थलको विकास, नेपालगञ्जमा रहेका इ-रिक्साको व्यवस्थापनलगायत विभिन्न विषयमा नगरसभाले निर्णय लिएको जानकारी दिनुभयो ।

उपमहानगरपालिकाका प्रशासकीय अधिकृत रामहरि शर्माले बजेट पुनःनिर्माण र मर्मतसम्भारमा केन्द्रित भएको जानकारी दिँदै उपमहानगरपालिकामा रहेका करिब २०० करारका कर्मचारीलाई पुसदेखि लागू हुने गरी रु. १००० भत्ता दिइने निर्णय भएको बताउनुभयो । उपमहानगरपालिकासँग रु. एक अर्ब ६४ करोड हाराहारीको बजेट रहेको छ ।

उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टको अध्यक्षतामा भएको सो नगरसभामा वार्षिक प्रतिवेदन उपप्रमुख कमरुद्दिन राईले प्रस्तुत गर्नुभएको थियो । विभिन्न समस्या समाधानका लागि आफ्नो वडाका विषयमा वडाध्यक्षहरूले धारणा राख्नुभएको थियो । *रासस*

## भरुवा बन्दुक पड्किँदा युवकको मृत्यु

ताप्लेजुङ, ६ पुस । बारुद भरेको बेला भरुवा बन्दुक पड्किँदा यहाँ एक युवकको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालयका प्रमुख वेदप्रसाद गौतमका अनुसार मैवाखोला गाउँपालिका-३, लेकुवामा २६ वर्षका फुर्वा शेर्पाको घाँटीमा गोली लागेर आइतबार बिहान मृत्यु भएको हो ।

स्थानीय तिलोकसिंह लिम्बूको अलैँचीबारीमा बन्दुकसहित शेर्पाको शव फेला परेको जानकारी वडाध्यक्ष खगेन्द्र थक्लुङले प्रहरीलाई दिएपछि सुरक्षाकर्मीको टोली घटनास्थल पुगेको थियो । *रासस*

## तिला लघुजलविद्युत् आयोजनाका उपकरण अलपत्र

जुम्ला, ६ पुस । जिल्लाको तिला गाउँपालिका-२ स्थित तिला लघुजलविद्युत् आयोजनाका करोडौँ मूल्यका विद्युतीय उपकरण अलपत्र परेका छन् । लामो समयदेखि जलविद्युत् आयोजना बन्द हुँदा विद्युत् उत्पादन गर्ने विभिन्न उपकरण सडकमा अलपत्र परेका हुन् ।

जिल्लाका दुर्गम क्षेत्रमा विद्युत् विस्तार गर्ने उद्देश्यले निर्माण गरिएको उक्त जलविद्युत् आयोजना बन्द भएपछि लाखौँ खर्चेर खरिद गरिएका सामग्री प्रयोगविहीन बनेका स्थानीय बताउँछन् । विसं २०७४ मा पूर्वाधार विकास कोषको लगानीमा निर्माणाधीन उक्त आयोजनाका लागि गाउँपालिकाद्वारा खरिद गरिएका विद्युतीय उपकरण सडकमा अलपत्र छन् भने अहिले आयोजना पूर्ण रूपमा बन्द छ ।

तिला-७ स्थित तिला नदीबाट एक मेघावाट क्षमताको विद्युत् उत्पादन गर्ने लक्ष्यका साथ तिला गाउँपालिका र प्रतिनिधिसभाका तत्कालीन सांसद गजेन्द्रबहादुर महतको पहलमा पूर्वाधार विकास कोषमा रहेको रु. ११ करोड बजेट खर्च गरी आयोजना निर्माण भएको थियो । जलविद्युत् आयोजनासहित आवश्यक उपकरण प्रयोगविहीन भएपछि स्थानीयले तत्काल सञ्चालनमा ल्याउनुपर्ने भन्दै दबाब दिइरहेका छन् । *रासस*

## कञ्चनपुर कारागारको घटना छानबिन गर्न समिति गठन


महेन्द्रनगर (कञ्चनपुर), ६ पुस । दुई दिनअघि कञ्चनपुर कारागारभित्र कैदीबन्दी र नाइकेबिच भएको झडप विवाद घटना छानबिन गर्न स्थानीय प्रशासनले समिति गठन गरेको छ ।

गत शुक्रबार कैदीबन्दी र नाइकेबिच कारागारभित्र विवाद हुँदा भएको झडपमा आठ कैदीबन्दी घाइते भएका थिए । घाइतेमध्ये दुई जना कारागार फर्किएका छन् भने छ जनाको महाकाली प्रादेशिक अस्पतालमा उपचार हुँदैछ ।

प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले कारागारको घटनाको यथार्थ बुझ्न सहायक प्रमुख जिल्ला अधिकारी मोहनचन्द्र जोशीको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरिएको जानकारी दिनुभयो ।

समितिमा जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सागर बोहरा र जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत धर्मराज उपाध्याय सदस्य रहनुभएको छ । समितिलाई छानबिन गर्न सात दिनको समयावधि दिइएको प्रजिअ ढकालले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "आज पनि कारागारको अनुगमनमा जादैछौँ । घटनाको विस्तृत छानबिन समितिले प्रतिवेदनमार्फत पेस गर्ला ।" नाइकेहरूले कारागारभित्र एकाधिकार गरेको आरोपसहित यहाँ कैदीबन्दी आन्दोलित भएका थिए । कैदीबन्दीले नाइकेहरूले आफूहरूले पाउने सेवा सुविधामा आर्थिक चलखेल गर्ने र कारागारभित्र अवैध गतिविधि गर्ने गरेको आरोप लगाएका छन् । *रासस*



**बन्दीपुरबाट देखिएको कुहिरो र हिमशृङ्खला**

पर्यटकीय नगरी पहाडकी रानी तनहुँको बन्दीपुरसँगै कुहिरोले छोपिएको मर्स्याङ्दी उपत्यकामा पर्ने तनहुँ, लमजुङ र गोरखाका भूभागहरू र पृष्ठभूमिमा देखिएको अन्नपूर्ण, लमजु, मनास्लु हिमचुली र बौद्ध हिमाललगायत हिमशृङ्खला । *तस्बिरः सागर गिरी/रासस*

# ओढारमा रात कटाउनुपर्ने अवस्थाको अन्त्य

म्याग्दी, ६ पुस । रघुगङ्गा गाउँपालिका-७ चिमखोलामा अवस्थित पर्यटकीयस्थल सोवाङ धुरीमा आश्रयस्थल निर्माण भएपछि ओढारमा रात कटाउनुपर्ने अवस्थाको अन्त्य भएको छ ।

चिमखोलाका तारा गर्बुजा पुन, लोकिन पुन, गोपिन पुन र हिरे पुनले काठ तथा जस्तापाताको प्रयोग गरेर समुन्द्री सतहदेखि तीन हजार ८४० मिटर उचाइमा रहेको सोवाङधुरीमा आश्रयस्थल भवन निर्माण गर्नुभएको हो । सोवाङ धुरी घुम्न जाने पर्यटक र पाहुनालाई ओढारमा रात काट्नुपर्ने अवस्थाको अन्त्य गराउनका लागि २० जना क्षमताको आश्रयस्थल निर्माण गरिएको गर्बुजाले बताउनुभयो ।

गर्बुजाले भन्नुभयो, "तत्काललाई त्यहाँ जाने पाहुना र पर्यटकले उपभोग गर्न पाउने आश्रयस्थलको भवनमा दीर्घकालीन रूपमा रेष्टुरेन्ट सञ्चालन गर्न वडा कार्यालयसँग सहमति भएको छ । सोवाङ धुरीबाट प्याराग्लाइडिङको परीक्षणको तयारीमा छौँ ।"

म्याग्दी र मुस्ताङलाई जोड्ने धौलागिरि आइसफल पदमार्गमा समेटिएको सोवाङ धुरीबाट संसारको सातौँ आठ हजार १६७ मिटर अग्लो धवलागिरि हिमालको फेदेदेखि चुचुरोसम्मको दृश्यावलोकन गर्न पाउनु मुख्य विशेषता हो ।

सूर्योदयका साथै गुर्जा, धवलागिरि, अन्नपूर्ण, नीलगिरि, मानापाथी, टुकुचे, माछापुच्छ्रे र मनास्लु हिमशृङ्खलाको अवलोकन गर्न सकिन्छ । बागलुङ बजार, ढोरपाटन सिकार आरक्ष, पुनहिल, मोहरेडाँडा, मुल्दे, खोपारा, टोड्केका साथै म्याग्दी र पर्वतका ग्रामीण बस्ती, पहाडी भूगोलको मनोरम दृश्य देखिन्छ ।

सोवाङ धुरी जाने पदमार्गमा पर्ने जङ्गलमा घोरल, मृगलगायत जनावर र पाँचऔँले, सेदक चिनीलगायत जडीबुटी अवलोकन गर्न सकिन्छ । चिमखोलाको मण्डली युवा क्लबले दुई वर्षअघि चिमखोलादेखि पात्लेखेत-जसलाङ-सिजिखोला-सिजिखर्क-थामखर्क-खोलाखर्क-सिसर्का-तल्लोमेला-उपल्लोमेला-आलेखर्क-नेपाने हुँदै सोवाङ धुरी जोड्ने पदमार्ग पहिचान गरेको थियो ।

सोवाङ धुरीबाट रघुगङ्गा गाउँपालिकाको बेगखोला, अन्नपूर्ण गाउँपालिकाको दोवा, भुरुङ तातोपानी, दाना र मुस्ताङको लेते जान सकिन्छ । चिमखोलादेखि हिँड्न सक्ने एक दिन र बिस्तारै हिँडेर दुई दिनमा सोवाङ धुरी पुग्न सकिन्छ । अघिल्लो पुस्तासम्म चिमखोलावासी बर्खायाममा गाईभैँसी र भेडाबाख्राको गोठ लिएर सोवाङधुरी पुग्ने तथा हिउँदमा गाउँ नजिकैको बेँसीका फाँटमा झर्ने गर्दथे ।

नयाँ पहिचान भएको पदमार्ग र सोवाङ धुरीको प्रचारप्रसारका लागि 'दृश्यावलोकन केन्द्र' स्थापना गरिएको छ । चिमखोला घर भई हाल पोखरामा बसोबास गर्नुहुने तारा गर्बुजा पुन र उहाँका भाइ गोपिन पुनले सोवाङ धुरीदेखि २०० मिटर तल क्याम्पिङ गर्ने ठाउँ नजिकै पाँच/पाँच सय लिटर क्षमताका दुई वटा ड्रम राख्नुभएको छ । वडा कार्यालयले पनि थप दुई ड्रम राखेको छ ।

हिउँ पग्लिएर र आकाशको पानी ड्रममा सङ्कलन हुने व्यवस्था मिलाएपछि पर्यटकका साथै गोठालालाई सुविधा पुगेको छ । वडा कार्यालयको प्रस्तावमा गाउँपालिकाले गत वर्ष सोवाङ धुरीमा सार्वजनिक शौचालय निर्माण गरेको थियो ।

यहाँ होटल र रेष्टुरेष्ट नभएकाले बन्दोबस्तीका सामानसहित जानुपर्छ । टुरिजम एजेन्सिज अफ पश्चिमाञ्चल क्षेत्रीय च्याप्टर (टान) र तत्कालीन जिल्ला विकास समितिको अगुवाइमा २०६८ सालमा म्याग्दीको गलेश्वर-राखुभगवती हुँदै धौलागिरि आइसफल पदमार्गको अध्ययन गरिएको थियो ।

यस पदमार्गले म्याग्दीको रघुगङ्गा गाउँपालिकाको पिप्ले, भगवती, बेगखोला, दग्नाम, चिमखोला, कुइनेमङ्गले, अन्नपूर्ण गाउँपालिकाको दोबा, भुरुङ तातोपानी, दानालगायत ठाउँको उच्च पहाडी डाँडाको धुरी हुँदै मुस्ताङको लेते जोडिएको छ । *रासस*

# कागती बिक्री नभएपछि रस र चुक बनाइँदै

वालिङ (स्याङ्जा), ६ पुस । यहाँ उत्पादित कागती बिक्री नभएपछि किसानले विकल्पको खोजी गरेका छन् । स्याङ्जाको वालिङ नगरपालिकाका विभिन्न ठाउँमा व्यावसायिकरूपमा उत्पादन भएको कागतीको दानाले बजार नपाएपछि विकल्पका रूपमा कागती पेलेर रस तथा चुक नै बिक्री गर्ने अवस्थामा किसानहरू पुगेका हुन् ।

जाडो मौसममा कागती दानाको माग कम हुँदा बजारमा खपत हुन नसकेकाले विग्रिन नदिनका लागि चुक बनाएको वालिङ-१४ स्थित न्यौपाने नर्सरी कृषि तथा पशुपालन फार्मका सञ्चालक प्रकाश न्यौपानेले बताउनुभयो । व्यावसायिकरूपमा कागतीखेती गर्नुभएका न्यौपानेले झण्डै छ क्विन्टल कागतीको दाना बिक्री गर्नुभयो । जाडो लागेसँगै बिक्री नभएको चार क्विन्टल कागतीबाट रस तथा चुक बनाउनुभएको हो ।

उहाँले भन्नुभयो, "कागतीको दाना बोटबाट दैनिक झर्न थाले, यता बजारमा खपत भएन । दाना कुहाएर फाल्नुभन्दा विकल्पका रूपमा लामो समयसम्म रहने भएकाले चुक र केही समयसम्म रहने भएकाले रसको रूपमा परिणत गरी बिक्री गर्न थालेको छु ।"

कागतीको चुकको बजार माग राम्रो रहेकाले पनि वैकल्पिक विधि अपनाइएको हो । चुक प्रतिलिटर रु. एक हजार ६०० का दरले बिक्री हुने गरेको छ । स्थानीय अगुवा किसान न्यौपानेले जस्तै यस ठाउँमा रहेका अन्य किसानले पनि उत्पादन गरेका कृषिजन्य वस्तुले बजार नपाएपछि वैकल्पिक विधि अपनाएका छन् ।

वालिङ-१४ र भिरकोट नगरपालिका-९ का व्यावसायिक किसानले उत्पादन गरेको सागसब्जी, फलफूललगायत सामग्रीको आगामी दिनमा सहकारीमार्फत सामूहिक रूपमा बजारीकरण गर्ने तयारीमा स्थानीय रहेका छन् । मौसमी तथा बेमौसमी जातका सागसब्जी, सुन्तला, कागती, च्याउ, मह, अकबरे खुर्सानी, अदुवाको व्यावसायिक उत्पादन गर्दै आएका यहाँका किसानले उत्पादन गरेको कृषिजन्य वस्तुले सहजै बजार नपाएपछि सहकारीमार्फत बजारीकरण गर्ने तयारीमा छन् । भौगोलिक र यातायातका दृष्टिले विकटमा रहेकाले पनि बजारीकरणमा समस्या भएको हो ।

वालिङ-१४ अमलडाँडाका व्यावसायिक कागतीखेती गर्ने किसान यामप्रसाद पौडेलले साउनदेखि यता झन्डै आठ टन कागतीको दाना बिक्री गरेको बताउनुभयो । जाडो लागेसँगै कागती बिक्री हुन छाडेपछि एक टन जतिको पेलेर रस बनाउनुभएको छ । उहाँसित अहिले पेलेको रस झन्डै पाँच सय लिटर छ ।

उहाँले भन्नुभयो, "गर्मीयाममा जस्तो जाडोमा कागतीका दाना बिक्री हुँदैन । थोरै थोरै बिक्री हुन्छ, बाँकी रहेका कागतीलाई पेलेर रस निकाल्छु र त्यसलाई प्रशोधन गरेर लामो समयसम्म प्रयोग गर्न सकिन्छ ।" बजारमा रस पनि खपत हुने गरेको छ । अहिले कागतीको माग पनि कम र बजार मूल्य कम पर्ने भएकाले भण्डारण गर्न सक्ने व्यवस्था हुने हो भने गर्मी लागेसँगै राम्रो मूल्य पर्ने उहाँको भनाइ छ । *रासस*

# बागलुङका किसानका व्यथा : सुन्तला सस्तोमा बेच्न बाध्य

ढोरपाटन (बागलुङ), ६ पुस । बागलुङका ग्रामीण क्षेत्र सुन्तलाले पहिलै भएका छन् । किसानले उचित मूल्य नपाएको गुनासो गरेका छन् । व्यापारी सुन्तला बगानमै आएर खरिद गर्ने हुँदा हरेक वर्ष न्यून मूल्यमा बिक्री गर्न बाध्य भएको उनीहरू बताउँछन् ।

बागलुङको काठेखोला, बागलुङ नगरपालिका, जैमिनी र गलकोट क्षेत्रमा सुन्तला उत्पादनका हिसाबले प्रसिद्ध छन् । सहरी क्षेत्रमा प्रतिकिलो रु. १२० भन्दा बढी पर्ने सुन्तलालाई व्यापारीले गाउँबाट रु. ४०/५० मै ल्याउने गरेको बागलुङ नगरपालिका-८ सिगानाका किसान टोबहादुर खड्काले बताउनुभयो । व्यापारीका कारण किसान र उपभोक्ता मारमा परेको उहाँको भनाइ छ ।

किसानले उत्पादन गरेको सुन्तलालाई सही रूपमा बजारीकरण गर्ने वातावरण तयार नगर्दा किसान र उपभोक्ता मारमा पर्ने गरेको खड्का बताउनुहुन्छ । आफूले हरेक वर्ष लाखौँको सुन्तला उत्पादन गर्दै आएको उहाँले बताउनुभयो । किसानले नै उत्पादन बजारीकरण गर्न सक्ने वातावरण अझै तयार हुन नसकेको खड्का बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "सिगानामा सुन्तला धेरै नै उत्पादन हुन्छ, उत्पादनअनुसारको मूल्य पाउन सकिन्योा भने यस क्षेत्रका किसानको जीवनस्तर माथि उठ्नेमा कुनै शङ्का छैन, तर मूल्य नै पाउन सकेका छैनौँ, साउन, भदौमा गाउँमा आएर व्यापारीले सुन्तलाको बगान नै किन्छन्, हामीले प्रतिकिलो रु. ४०/५० भन्दा बढी पाउने अवस्था छैन, बजारमा किन्ने उपभोक्ताले बढी मूल्य तिर्छन् ।"

**। सम्पादकीय ।**

# देश ठप्प पार्न होइन बनाउन जुट्नुपर्छ

हरेक सरकारले आफ्नो पालामा ठुलठुला विकास गरेको ध्वाङ फुक्छ; आफूले जति अरुले के विकास गरेको छ भनी रवाफ देखाउँछ । थोरै धेरै विकास त कुनै पनि सरकारले गर्छ । देशको बजेट कुनै पनि सरकारले उपयोग गर्छ । सडक पीच हुनु, पुल बन्नु या बनाउनु मात्र विकास होइन । नाना थरीका सपना बाँडेर लोभ देखाउनु, धम्की दिनु र मुख चलाउनु नै विकास होइन । एक राजनीतिक विश्लेषकले प्रश्न गरे, मुख चलाएर हात मुख चल्दैन भन्ने के गर्ने ? सरकारले देश र जनताको पक्षमा राम्रो काम गरेको छ कि छैन भन्ने आधार सडक र पुल बनाउनु मात्र होइन । समृद्ध देश सुखी नेपालीको नारा फुकेर देश विकास हुने पनि होइन ।

विकासको ध्वाङ फुकेर देशलाई ऋणमा डुवाउँछ भने त्यो कसरी विकास हुन्छ ? देश झन्झन् परनिर्भर हुँदै छ । आत्मनिर्भर बनाउने बाटो खोजेको छैन भने त्यो कसरी विकास हुन्छ ? देशलाई आत्मनिर्भर बनाउने पूर्वाधार तयार गर्छ, ऋणमुक्त देश कुनै सरकारले बनाउँछ भने त्यो सरकारको सफलता हुन्छ; त्यो सरकारले गरेको प्रगति मान्नुपर्छ । देशलाई भ्रष्टाचारमुक्त बनाउँछ या बनाउन पूर्वाधार तयार गर्छ; भ्रष्टाचारीहरूमाथि कारबाही गर्छ भने त्यसलाई सरकारको सफल कार्य मान्नुपर्छ । तर, विडम्बना ! देश भ्रष्टाचारको आहालमा डुबेको छ । नेपाल भ्रष्टाचार बढी हुने देशको सूचीमा परेको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलले नेपाललाई बढी भ्रष्टाचार हुने देशको सूचीमा राखेको छ । यो नेपाल र नेपालीको निम्ति मात्र होइन विश्वकै निम्ति नमज्जाको विषय हो ।

नेपाल सरकार विदेशी डिजाइनमा चलेको छ । विदेशी शक्तिराष्ट्रको उठबसमा चल्ने सरकारले नेपाल र नेपाली जनताको हित हेर्दैन । विदेशीहरूको स्वार्थ पूरा गर्न पल्केको दल या सरकारले देश र जनताको हितभन्दा विदेशीकै हित हेर्छ । देशमा राजनीतिक दल र वर्गीय सङ्गठनको गतिविधिभन्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाको गतिविधि बढी हुन्छ । यो पार्टीका इमानदार नेता तथा कार्यकर्ताको लागि सुहाउने विषय होइन । सरकारी तलब खाएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थामा पल्केर दोहोरो पाश्रिमिक लिने, कार्यकर्ता भड्काएर मति बिगार्ने दल र दलको सरकारले के राम्रो काम गर्‍यो भनेर विश्वास दिलाउने ? राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले के देश ढाक्नु सरकारको सफलता हो ? सरकारको नेतृत्वको निम्ति हुने नहुने दलसँग घाँटी जोड्नु सरकारको सफलता हो ? सरकारको नेतृत्व गर्न पाएपछि या सरकारमा बस्न पाएपछि आफूलाई ठुलो मान्ने, ठान्ने दल र दलका नेताहरू कसरी सच्चाइका पात्र हुन्छन् ? छिनछिनमा सरकार ढाल्न गठबन्धन गर्ने शासक दलका नेताहरू कसरी असल र सिद्धान्तनिष्ठ हुन्छन् ?

देशमा बेथिति बढेको बढ्यै छ । आफ्नो दलमात्रै सही ठान्ने शासक दलका नेताहरू आफ्नो दल बलियो बनाउन, आफ्नो क्रियाकलाप बढाउने नाउँमा झूटको खेती गर्ने, छलकपट, प्रप्रञ्च गर्ने, प्रतिशोध साट्ने, दल फुटाउने, दलका नेता तथा कार्यकर्ताहरू पद र लोभ लालच देखाएर तान्ने काम र प्रवृत्तिले जनताले साँच्चै न्याय र समानता पाउँदैनन् । विकासको निम्ति, जनताका आधारभूत आवश्यकता पूर्ति गर्नको निम्ति देशको कुन कुन ठाउँमा खानी छ; भएको खानीलाई कसरी उपयोग गर्ने ? ती योजनाहरू कसरी उपयोग गर्ने भन्नेतर्फ शासकहरू लागेकै छैनन् । घुस्याहा, कमिसनखोर, विचौलिया, भ्रष्टाचारी, कालाबजारी, कमिसनखोरहरूको घेरामा देश रहेको छ । उत्पादनका स्रोत र साधनहरू बन्द गर्ने; खानेपानी निजीकरण गर्ने, सरकारी उद्योग तथा कारखानाहरू निजीकरण गर्ने, विदेशी व्यापारी या व्यवसायीलाई सुम्पेर देशको अर्थतन्त्र मजबुत हुनेछैन । शिक्षा र स्वास्थ्य सेवाको स्थिति पनि नाजुक छ । देशका शिक्षक, चिकित्सक र स्वास्थ्यकर्मीहरू सरकारसित चिढिएका छन्; असन्तुष्ट छन् । आफूलाई ठुला, गौरवशाली र कम्युनिस्ट भनिएका ठुला दलभित्रै असन्तुष्टि पोख्ने नेताहरू छन् ।

देशले जित्नुपर्छ दलले होइन । दल सिद्धान्त र विचारको आधारमा चल्नुपर्छ । दल र दलका नेताहरू देश ठप्प पार्न होइन बनाउन जुट्नुपर्छ । दलका नेता कार्यकर्तालाई उत्तेजित बनाउन, उच्छृङ्खल गतिविधि गर्न खोक्ने होइन देश विकासमा जुट्न, बहुमत जनताको सांस्कृतिक, सैद्धान्तिक, राजनीतिक स्तर उठाउन आग्रह गर्नुपर्छ । ठुलो दलको काम देश ठप्प पार्ने होइन; आफ्ना दलका नेता तथा कार्यकर्ताहरू भ्रष्टाचार, अनियमिततामा फसे पनि मौन रहने होइन, कारबाही गर्न र गराउन पार्टी जुट्नुपर्छ । राजनीति पद र पैसाको निम्ति गर्ने होइन भन्ने कुरामा नेता र कार्यकर्ताहरू सचेत हुनुपर्छ । राज्यको आयस्रोत बाँडफाँड गर्ने, पद भागबन्डा गर्ने काम भएसम्म देशमा सुशासन हुनेछैन; विधिको शासन हुनेछैन । त्यस्तो सरकारलाई सफल मान्न सकिँदैन ।

# ट्रम्पमाथि विश्वास गुमाउन थालेका हुन् अमेरिकीले ?

✍ डा. मुक्तेदार खान

नोभेम्बर महिना अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका लागि कठिन साबित भएको छ । राजनीतिक, कानुनी र कूटनीतिक धक्काको शृङ्खलाले उनको सत्तामा पकड तनावपूर्ण रहेको सङ्केत गर्छ । नोभेम्बर ४ मा डेमोक्र्याटहरूले राज्य र स्थानीय चुनावमा निर्णायक विजय हासिल गरे । धेरैले स्थानीय प्रतिस्पर्धालाई राष्ट्रपतिको जनमतसङ्ग्रहको रूपमा लिएका छन् ।

डेमोक्र्याटहरूले न्यू जर्सी र भर्जिनियामा दुई गभर्नर पद जितेका थिए । दुवैमा महिला उम्मेदवार थिए । असामान्य रूपमा ठुलो अन्तरले जिते । यी नतिजाको निर्णायक प्रकृतिले पक्षपातपूर्ण झुकावभन्दा बढी सङ्केत गर्छ । यसले ट्रम्पको नेतृत्वमा जिओपी ब्रान्डको कमजोरीलाई औंल्याउँछ । प्रमुख सहरमा डेमोक्र्याटहरूले प्रमुख मेयर पदमा सहज विजय हासिल गरे । यसमा न्युयोर्क सहरमा जोहरान ममदानीको




निराशाजनक विजय पनि समावेश छ, जुन युवा प्रगतिशील उम्मेदवार र ट्रम्प आफैंबिचको वास्तविक प्रतिस्पर्धा बन्यो । राष्ट्रपतिले सक्रिय रूपमा ममदानीविरुद्ध अभियान चलाएका थिए र आफ्नो प्रतिद्वन्द्वीलाई समर्थन गरेका थिए । क्यालिफोर्नियाको नतिजाले डेमोक्र्याटहरूको पक्षमा लहर आएको सङ्केत गरेको छ ।

सहरी र उपनगरीय क्षेत्रमा केन्द्रित यी विजयले ट्रम्पको नेतृत्वमा रिपब्लिकन नेतृत्वप्रति बढ्दो निराशाको सङ्केत गर्न सक्छन्, विशेषगरी युवा मतदाता र रङ्गीन समुदायमाझ । नतिजाले यो पनि सुझाव दिन्छ कि मतदाताले उम्मेदवारलाई पार्टी बफादारीको सट्टा क्षमता, दृष्टिकोण र प्रदर्शनको आधारमा बढ्दो रूपमा मूल्याङ्कन गरिरहेका छन् ।

**अल्पसङ्ख्यकको उदय**

नोभेम्बर महिनाले अल्पसङ्ख्यक र आप्रवासी समुदायका लागि ऐतिहासिक विजय पनि देखाएको छ । भारतको हैदराबादमा जन्मिएकी गजाला हासमीको भर्जिनियाको पहिलो मुस्लिम उपराज्यपालमा विजय र न्युयोर्कको मेयरमा ममदानीको जितले सहरी राजनीतिमा युवा, आप्रवासी र मुस्लिम मतदाताको बढ्दो प्रभावलाई प्रकाश पारेको छ । विशेषगरी, वर्तमान राजनीतिक वातावरणलाई मनन गर्दा यी नतिजा महत्त्वपूर्ण छन्, जहाँ राष्ट्रिय बहसमा आप्रवासीविरोधी र इस्लामोफोबिक बयानबाजी व्याप्त छ ।

यी विजयले मतदाताको पहिचान वा धर्मभन्दा दृष्टिकोण, नेतृत्व र चरित्रलाई प्राथमिकता दिने, यस्ता विभाजनकारी बयानबाजीविरुद्ध धकेल्ने इच्छाशक्ति प्रदर्शन गर्छन् । डेमोक्र्याटका लागि यी सफलता केवल प्रतीकात्मक छैनन् । यसले मतदाताको नयाँ पुस्तालाई प्रतिनिधित्व गर्छ, जसले आगामी वर्षमा राजनीतिक परिणामलाई आकार दिन सक्छन्, युवा मतदातालाई ऊर्जावान् बनाउन सक्छन् र भविष्यको राजनीतिक सहभागितालाई प्रेरित गर्न सक्छन् ।

**बढ्दो मुद्रास्फीति, घट्दो रोजगारी**

ट्रम्पको घरेलु नीतिगत निर्णयले असन्तुष्टिलाई बढावा दिइरहेको छ । मुद्रास्फीति उच्च छ, बेरोजगारी महामारीअघिको स्तरभन्दा माथि छ र ज्याला वृद्धिले बढ्दो लागतसँग तालमेल मिलाउन सङ्घर्ष गरिरहेको छ । धेरै अमेरिकीलाई यो पनि डर छ कि ओबामाकेयर अनुदान विस्तार गर्न रिपब्लिकनले अस्वीकार गर्दा विशेषगरी मध्यम र निम्न आय भएका घरपरिवारका लागि आर्थिक कठिनाइ बढ्नेछ ।

ट्रम्पको शुल्कवृद्धिले सञ्चालित औद्योगिक रणनीतिले सङ्घीय राजस्व त वृद्धि गरेको छ, तर उपभोक्ता र अमेरिकी व्यवसायीले यसको मूल्य चुकाउनुपरेको छ । युरोप, जापान, दक्षिण कोरिया र भारतजस्त प्रमुख सहयोगीले निराशा व्यक्त गरेका छन्, जसले कूटनीतिक र आर्थिक सम्बन्धलाई जटिल बनाएको छ । सोही समयमा उनको कट्टर आप्रवासन नीति (जसमा परिवार छुट्टिनु र सामूहिक निर्वासन समावेश छ) ले व्यापक आलोचना निम्त्याएको छ । ल्याटिन अमेरिकी र आप्रवासी समुदायको प्रतिक्रियाले महत्त्वपूर्ण अल्पसङ्ख्यक जनसङ्ख्या भएका सहर र राज्यमा प्रजातान्त्रिक लाभमा योगदान पुर्‍यायो ।

यसका साथै ट्रम्पको विदेश नीतिमा निरन्तर ध्यान केन्द्रित ( विशेषगरी, मध्यपूर्व कूटनीति र इजरायलसँगको संलग्नता) गर्ने स्वभावले घरेलु मुद्दाबाट उनी डाइभर्ट भएको सङ्केत गर्छ । उनका समर्थकले यी कदमले अमेरिकाको विश्वव्यापी प्रभावलाई बलियो बनाउने तर्क गरे पनि मतदाता घरेलु प्राथमिकतालाई बेवास्ता गरिँदै छ भन्ने कुरामा बढ्दो रूपमा चिन्तित देखिन्छन् ।

**ट्रम्पलाई धक्का**

टेक्सासमा रिपब्लिकन उम्मेदवारहरूलाई समर्थन गर्न चुनावी नक्सा पुन: कोर्ने ट्रम्पको प्रयासलाई सङ्घीय अदालतले खारेज गरे । न्यायाधीशले नक्सालाई असंवैधानिक भएको फैसला सुनाए, जसले गर्दा थप पाँच जिओपीमैत्री कङ्ग्रेसनल सीट सुरक्षित गर्ने उनको प्रयासलाई कमजोर बनायो । यो कानुनी हारले प्रशासनको रणनीतिक महत्त्वाकाङ्क्षालाई मात्र निराश पार्दैन, बरु ठुलो मात्रामा उल्टो परिणाम पनि आउन सक्छ ।

यसैबिच, एपस्टाइनसँग सम्बन्धित फाइल जारी गर्न उनको निरन्तर प्रतिरोध र त्यसपछि अचानक आएको मोडले जेफ्री एपस्टाइनको पुन: छानबिनलाई निम्त्याएको छ । एपस्टाइनको आपराधिक गतिविधि, यौन भ्रष्टता र इजरायलसँगको सम्बन्धसहित कथित राजनीतिक सम्बन्ध लामो समयदेखि सार्वजनिक चिन्ताको विषय बनेका छन् ।

**घट्दै अमेरिकी प्रभाव**

ट्रम्पको विदेश नीतिसम्बन्धी निर्णयले विदेशमा पनि चिन्ता उत्पन्न गरेको छ । दक्षिण अफ्रिकामा भएको जी २० शिखर सम्मेलन बहिष्कार गर्ने उनको निर्णयले महत्त्वपूर्ण अन्तर्राष्ट्रिय मञ्चमा संयुक्त राज्य अमेरिकाको प्रभावलाई कम गरेको छ । विशेषगरी, जलवायु सङ्कटलाई रेखाङ्कित गर्दै शिखर सम्मेलनले ट्रम्पको एजेन्डाविपरीत मुद्दाहरूलाई जोड दिने प्रस्ताव पारित गर्‍यो । यसबाहेक, अमेरिकी सहयोगीले ट्रम्पको युक्रेन शान्ति योजनाका प्रमुख तत्त्वलाई पनि अस्वीकार गरे ।

अमेरिकी बहिष्कारले ट्रम्पको विदेश नीतिमा अप्रत्याशित र असङ्गत धारणालाई जोड दिन्छ । विद्वान् र कूटनीतिज्ञहरूले चिन्ता व्यक्त गरेका छन् कि अमेरिका स्थिरीकरण गर्ने शक्तिको रूपमा अविश्वसनीय हुँदै गइरहेको छ । उसले उदाउँदो शक्तिलाई आफ्नो प्रभाव विस्तार गर्न उल्टै स्थान दिँदै छ । विशेषगरी, चीन र सीआरआइएनके गठबन्धन (चीन, रुस, इरान, उत्तर कोरिया) लाई उसले अप्रत्यक्ष रूपमा स्थान दिँदै छ ।

**चिन्तित छन् रिपब्लिकन**

आन्तरिक रूपमा नोभेम्बरको नतिजाले रिपब्लिकन पार्टीभित्र द्वन्द्व निम्त्याउन सक्छ । ट्रम्पको एकतर्फी दृष्टिकोण र आक्रामक मिडिया उपस्थितिले पार्टी नेताहरूलाई चिन्तित बनाइरहेको छ । यसले केही धक्का निम्त्याउन सक्छ । २०२६ को मध्यावधि चुनाव नजिकिँदै गर्दा कडा प्रतिस्पर्धामा धेरै रिपब्लिकन थप क्षय हुनबाट रोक्न उनलाई घरेलु अर्थशास्त्र, आप्रवासन र विदेशी सम्बन्धमा नीति समायोजन गर्न दबाब बढ्न सक्छ ।

यसैबिच, डेमोक्र्याटहरूले यसको फाइदा उठाइरहेका छन् । ममदानी र हासमीजस्ता उम्मेदवारले नयाँ मतदाताको आवाजलाई प्रतिबिम्बित गर्छन्, विशेषगरी युवा, आप्रवासी र अल्पसङ्ख्यक जनसङ्ख्यामा । ह्वाइट हाउसमा ममदानी-ट्रम्प प्रेम उत्सवले : एमएजिए रिपब्लिकन र डेमोक्र्याटको संस्थापन दुवैलाई विडम्बनापूर्ण रूपमा झट्का दिएको छ । ट्रम्पको खुला प्रशंसा र ममदानी र उनको एजेन्डाको समर्थनको घोषणाले दुवै पक्षलाई अचम्मित बनाएको छ । अब रिपब्लिकनले डेमोक्र्याटलाई आक्रमण गर्न सक्दैनन् । किनकि, कम्युनिस्टहरू र डेमोक्र्याटहरू आफ्ना अर्बपति र इजरायल पहिलो राजनीतिबाट काम गर्ने अमेरिकीको चिन्तालाई केन्द्रमा राख्न बाध्य हुनेछन् ।

**ट्रम्पले गल्तीबाट पाठ सिक्लान् ?**

ट्रम्पका लागि मुख्य चुनौती भनेको विगतका गल्तीबाट पाठ सिक्छन् कि सिक्दैनन् भन्ने हो । के उनले मतदाताको प्राथमिकतालाई बुझ्न कर, स्वास्थ्य सेवा र आप्रवासनसम्बन्धी घरेलु नीति समायोजन गर्लान् ? के उनी अन्तर्राष्ट्रिय संस्थासँग पुन: संलग्न हुनेछन् वा जी २० जस्ता कूटनीतिक क्षेत्रबाट निरन्तर पछि हट्लान् ? ट्रम्पको कानुनी असफलता, एपस्टाइनमाथिको विवाद र नोभेम्बरको नतिजाले अमेरिकीहरूले रिपब्लिकन पार्टीसँग मात्र नभई व्यक्तिगत रूपमा ट्रम्पसँग असन्तुष्टिको सङ्केत गरिरहेका छन् भन्ने सुझाव दिन्छ । उनले कसरी प्रतिक्रिया दिन्छन् भन्ने कुराले उनको राजनीतिक करिअर र पार्टीको मार्ग निर्धारण गर्नेछ ।

***(खान डेलावेयर विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक हुन् ।)***

**- एनडिटिभीबाट**

**सन्दर्भ : जे.भी. स्तालिन जन्म दिवस (डिसेम्बर २१)**

# जोसेफ विसारियोनोभिच स्तालिनको जीवनी - १

✍ हरिबहादुर श्रेष्ठ

रुसको दक्षिण-पश्चिम भागमा काकेशिया भन्ने एक पहाडी इलाका छ । त्यसलाई काकेशश वा ट्रान्सककेशिया भन्ने चलन छ । काकेशिया मट्टीतेल, रक्सी, गहुँ र सुर्ती खेतीको इलाका थियो । त्यहाँ तिफिलिस भने एक अञ्चल छ । त्यस अञ्चलमा दिदिलियो भन्ने एउटा गाउँ छ । त्यस गाउँमा जुगुशविली भन्ने एक किसान बस्थे । उनी फाटेको जुत्ता सिउने काम गर्थे । पछि उनी तिफलिसकै एक जुत्ता कारखानामा काम गर्न थाले । त्यहाँको चलनअनुसार उनले १३-१४ वर्षकी एक जर्जियाली जातकी केटीसँग विवाह गरे । त्यस केटीको नाम एकातेरिना थियो । तिनी एक किसानकी छोरी थिइन् ।

**बाल्य जीवन**

एकातेरिना दयामाया भएकी धर्मात्मा महिला थिइन् । तिनीबाट तीनवटा केटाकेटी भए र बच्चैमा खसे । तर, तिनीबाट २१ डिसेम्बर १८७९ को दिन तिफलिसको गोर्की भन्ने सहरमा एक बालक जन्म्यो । त्यस बालकको नाम 'शोशो' राखियो ।



बाल्यकालमा स्तालिन

आमा एकातेरिना एक विचारवान् महिला थिइन् । तिनी शोशोलाई जाने-बुझेका मानिस बनाउन चाहन्थिन् । बाबु जुगुशविली छोराको पढाइमा वास्ता गर्दैनथे । शोशोको गाउँमा कुनै स्कूल थिएन । यसकारण, एकातेरिनाले छोरोलाई 'गोरी' भन्ने एक सहरमा लगिन् र १८८८ को कार्तिक-मङ्सिरतिर एक प्राथमिक धार्मिक पाठशालामा भर्ना गरिदिइन् । त्यसबेला शोशो ८ वर्षका थिए ।

शोशो साह्रै मेहनती र पढ्ने केटा थिए । उनी आफूभन्दा ठुलालाई मान्थे । खानपिनको राम्रो बन्दोबस्त नभएकोले उनको जीउ दुब्लो-पातलो थियो । सात वर्षको उमेरमा उनी एकचोटि बिरामी पनि भए । उनकी आमा उनलाई अति माया गर्थिन् । बाबु छोरोलाई जुत्ता सिउने काममै लगाउन चाहन्थे ।

शोशो ११ वर्षको मात्र हुँदा उनका बाबु खसे । शोशोको बाबु मरेपछि आमालाई धेरै दु:ख भयो । छोरालाई कसरी हुर्काउने हो भन्ने साह्रै पिर पर्न थाल्यो । एकातेरिनाले लुगा सिउने काम गर्न थालिन् । राति अबेलासम्म लुगा सिएर पैसा कमाउँथिन् । त्यस कमाइबाट हात-मुख जोर्थिन् र छोरालाई पढाउँथिन् । सानो बालक शोशोको नाम पछि जोसेफ राखियो ।

१८९४ मा पाठशालाको पढाइ सिध्याएपछि शोशो तिफलिसको एक धर्मशास्त्रको स्कूलमा भर्ना भए । शोशो १५ वर्षका युवक भए । तिफलिस त्यसबेला जर्जियाको राजधानी थियो र गोरीदेखि तिफलिससम्म रेलको बाटो थियो । रेलको बाटो खुलेपछि त्यहाँ औद्योगिक कारखानाहरू खुल्न थाल्यो । खास गरेर बाकुमा तेलका उद्योग सुरु भयो । त्यहाँ पुँजीवादले पाइलो हाले पनि सामन्तवादको चकचकी बाँकी नै थियो । रुसको राजा जारले ट्रान्स्ककेशियालाई एक उपनिवेशको रूपमा थिचोमिचो गरिराखेको थियो ।

त्यो बेला रुसमा औद्योगिक पुँजीवादको विकास भइरहेको थियो । त्यस सँगसँगै मजदुर आन्दोलनको विकास र मार्क्सवादको पनि प्रचार भइरहेको थियो । एकातेरिना छोरालाई एक पुरोहित बनाउन चाहन्थिन् । हाम्रो देशका महन्त वा भिक्षुले जस्तै त्यहाँ पुरोहितले धर्मको शिक्षा दिने काम गर्दथ्यो ।

तिफलिस एक राजधानी भएकोले त्यहाँ धेरै स्कूल र कलेजहरू थिए । लेखक, कवि, कलाकार, नेता र बुद्धिजीवीहरू धेरै थिए । त्यहाँ समाजवाद र क्रान्तिकारी विचार फैलिरहेको थियो । हरेक स्कूल र कलेजहरूमा त्यस्तै राजनैतिक कुराकानी र छलफल हुन्थे । शिक्षक र प्रोफेसर, युवक र विद्यार्थीहरूमा क्रान्तिको विचारधाराले जग हालिसकेको थियो ।

शोशो पढ्ने स्कूलमा पनि समाजवाद र क्रान्तिकारी कुरा गर्ने विद्यार्थीहरूको एक सङ्गठन थियो । त्यहाँ नरोदनिकदेखि मार्क्सवादजस्तो अन्तर्राष्ट्रिय विचारसम्म प्रचार भइरहेको थियो । ती सङ्गठनहरूमा तिनीहरू भित्रभित्र लुकीछिपी छलफल गर्थे, कार्ल मार्क्स र कम्युनिस्टहरूको किताब पढ्थे । १५ वर्षको उमेरमा शोशो पनि त्यस्ता किताबहरू पढ्ने गुप्त सङ्गठनमा भर्ना भए । पछि उनी त्यस गुप्त अध्ययन गोष्ठीको एक नेता भए ।

शोशो १७ वर्ष पुगे । उनी स्कूलको पढाइ लेखाइमा भन्दा देश र जनताको विषयमा बढी पिर लिन्थे । उनले समाजवाद र क्रान्तिको गहिरो अध्ययन गर्न थाले । कार्ल मार्क्सको 'पुँजी' र 'कम्युनिस्ट घोषणापत्र' र कम्युनिस्ट किताबहरू खुब ध्यान दिएर पढ्न थाले । १६ वर्षको उमेरमा उनी जर्जियाली सामाजिक-जनवादी मजदुर पार्टीको सदस्य भए । सामाजिक-जनवादी मजदुर पार्टीको नाम पछि कम्युनिस्ट पार्टी राखियो । शोशो त्यस पार्टीका गुप्त बैठकहरूमा भाग लिन थाले । स-साना पर्चा लेखेर मार्क्सको सिद्धान्तलाई प्रचार गर्न लागे । मार्क्सको सिद्धान्त र विचारधारालाई मार्क्सवाद भनिन्छ । त्यसैबेला उनले लेनिनको नरोदनिकवादको विरोधमा लेखिएको 'कानुनी मार्क्सवाद' र 'अर्थवाद' भने लेख पढ्न पाए । त्यसबाट उनी प्रभावित भए र लेनिनसँग सम्बन्ध राख्ने विचार गरे ।

**स्कूलबाट निकाला**

त्यसबेला रुसमा जार राजाले राज्य गर्दथे । रुसको राजालाई जार भनिन्छ । जार अत्याचारी राजा थिए । उनले आफ्नो देशको जनतालाई दबाइराखेका थिए । उनी अरु जातिहरूलाई टाउको उठाउन दिँदैनथे; किसान, मजदुर र काम गरेर खाने सबै जनतालाई असाध्य चुस्दथे ।

जारले आफ्नो देशका जनतालाई मात्रै सताउँदैनथे । बरु, उनले छिमेकी देशमा पनि लुटपाट र चुस्ने काम गर्दथे । उनी सधैँ एक न एक छिमेकी देशमा धावा बोल्थे; सबै सानातिना र निर्बलिया छिमेकी देशहरूलाई खान्थे; लडाइँ गर्थे । धेरै लडाइँ गर्दा आफ्नो देशका सिपाहीँहरू पनि मारिन्थे । सिपाहीँहरू गरिब जनताकै छोराछोरी हुन्थे । यसकारण, गरिब जनता युद्ध र जारलाई मन पराउँदैनथे ।

अर्काको देशलाई खाने, छिमेकी देशका जनतालाई मारकाट चलाउने र चुस्ने सरकारलाई त्यहाँका कम्युनिस्टहरू मन पराउँदैनथे । कार्ल मार्क्स र कम्युनिस्टहरूको किताबमा कसरी धनीहरूले गरिबहरूलाई चुस्छन् भन्ने कुरो लेखिएको हुन्थ्यो । जारले जनतालाई कसरी दु:ख दिन्छ भनेर लेखेको हुन्थ्यो । यसकारण, शोशोलाई त्यस्तो किताब खुब मन पर्दथ्यो ।

शोशो रेलमा काम गर्ने मजदुरहरूको सङ्गठनमा गुप्तरूपले काम गर्थे । त्यहीँ उनले राम्रो कम्युनिस्ट शिक्षा पाएका थिए । मजदुरहरू नै उनका पहिला शिक्षकहरू थिए । १८९८ तिर उनी भर्खर १९ वर्षका जवान थिए । दर्शनशास्त्र, राजनैतिक विज्ञान, अर्थशास्त्र, इतिहास, प्राकृतिक विज्ञान र अनेक सैद्धान्तिक र राम्रा राम्रा साहित्यहरू साह्रै चाख लिएर पढ्न थाले । उनी एक पढेलेखेका मार्क्सवादी बने ।

जार साह्रै जाली राजा थिए । उनले स्कूल कलेज अड्डा-अदालत जहाँ तहाँ गुप्तचरहरू राखेका थिए । शोशो पढ्ने स्कूलमा पनि गुप्तचरहरू थिए । गुप्तचरहरूले जारलाई मन



नपराउने मान्छेहरूको नाम र तिनीहरू कामलाई चियो गर्थे । अनि सब कुरा जार र उसका पुलिसहरूलाई उजुर गर्थे । त्यस्ता गुप्तचरहरूले शोशोलाई पनि शङ्का गर्न थाले ।

एकदिन शोशोको कोठामा पुलिस र गुप्तचरहरूले अचानक खानतलासी लिए । खानतलासीमा कार्ल मार्क्सको एउटा पुस्तक भेटाइयो । सरकारले त्यो पुस्तक जफत गऱ्यो र २९ मई १८९९ का दिन शोशोलाई स्कूलबाट निकालिदियो । तर, २० वर्षका शोशो अलिकति पनि डराएनन् । उनी फूर्तिसाथ उभिरहे । उनको सिद्धान्त राम्रो छ भन्ने कुरो मनमा थियो । उनी देश र जनताको सेवा गर्थे । उनको विचारमा स्वार्थी भावना थिएन । त्यसैले उनको टाउको सधैँ सिधै रहन्थ्यो । बरु, पुलिस र गुप्तचरहरू उनीसँग थरथर काँप्थे । किनभने, शोशो जारको गद्दीलाई उल्टाएर फाल्न चाहन्थे । गद्दीलाई पल्टाउने र हुकुमलाई उल्टाउने कामलाई नै क्रान्ति भनिन्छ । शोशो साँचो क्रान्तिकारी थिए । नि:स्वार्थी निडर हुन्छ भने कुरो शोशोलाई लागू हुन्थ्यो । उनी मजदुर गोष्ठीहरूमा प्रचारका काम गर्थे, गुप्त बैठकहरूमा भाग लिन्थे । पर्चा लेख्थे र हडतालहरू गर्थे । तिफलिसका उनी एक अगाडि बढेका सर्वहाराको रूपमा चिनिन थाले ।

स्कूलबाट निकालेकोमा शोशोलाई अलिकति पनि चित्त दुखेन । किनभने, अब उनी सानो अबुझ बालक थिएनन् । उनी अब मार्क्सवाद र क्रान्तिको कुरा बुझ्ने भइसकेका थिए । स्कूलबाट निकालेको खबरले उनकी आमा रोइन् । तर, शोशो आमाले चित्त दुखाउनुहोला भनेर कहिले राजनीतिको कुरा गर्दैनथे ।

स्कूलबाट निकालेपछि शोशो विद्यार्थीहरूलाई पढाएर जीविका गर्न थाले । केही दिनपछि एउटा अड्डामा कारिन्दा भए । दिउँसो अड्डाको काम गर्थे र राति क्रान्तिकारी काममा लाग्थे । शोशो त्यसबेला मजदुरहरूको सङ्गठनमा लागे । शोशोले आफ्नो गुप्त नाम स्तालिन राखे । तिफलिसको समाजवादी प्रजातान्त्रिक मजदुर सङ्गठनलाई 'मेशामेह डासी' भनिन्थ्यो । त्यसका नेताहरू स्तालिन, केत्सीभेलि र त्सुलुकिड्ज थिए । उनी पर्चा छर्ने र रात्रि सभाहरू गर्थे । जारतन्त्रको विरोधमा राजनैतिक जुलुस र प्रदर्शनहरू गर्थे । तर, मेशामेह डासीका केही तत्त्वहरू आर्थिक मागबारे मात्रै सङ्घर्ष गर्न चाहन्थे, तिनीहरू राजनैतिक सङ्घर्ष गर्न चाहँदैनथे । स्तालिनले त्यस खोटो र सानो मौका छोप्ने अवसरवादी विचारसँग सङ्घर्ष गर्न थाल्नुभयो । त्यसैबेला लेनिनको एक साथी भिक्टोर कनाटोभस्कीसँग उहाँको सम्बन्ध भयो । डिसेम्बर १९०० मा लेनिनको 'इस्क्रा' (फिङ्लिगो) निस्क्यो । स्तालिनले 'इस्क्रा' सँग आफ्नो विचारमा मेल देख्नुभयो । अगस्त १९०० महिनामा मिखाइल कालिनिनको नेतृत्वमा रेलवे मजदुरको एक हडताल भयो । मिखाइल कालिनिन पिट्सवर्गबाट निर्वासित कार्यकर्ता थिए ।

**पेशेवर क्रान्तिकारी**

२२ अप्रिल १९१० मा तिफलिसको केन्द्रमा स्तालिनले 'अन्तर्राष्ट्रिय मजदुर दिवस' को जुलुस आयोजना गर्नुभयो । त्यस जुलुसबारे लेनिनको 'इस्क्रा' ले ऐतिहासिक महत्त्व भएको घटना भनेर स्वागत गऱ्यो । काकेशशको मजदुर आन्दोलनमा त्यसको ठुलो प्रभाव पऱ्यो । काकेशशमा बढ्दै गइरहेको मजदुर आन्दोलनबाट जार सरकार तर्सिन थाल्यो । त्यसलाई दबाउन झन् अत्याचार गर्न थाल्यो । २५ मार्च १९०१ मा पुलिसले स्तालिन काम गर्ने भौतिक प्रयोगशाला र डेरामा खानतलासी गऱ्यो । स्तालिनलाई समात्न पुर्जी जारी गरिएको थियो । यो कुरा थाहा पाउनासाथै स्तालिन गुप्तवास बस्नुभयो । स्तालिन एक पेशेवर क्रान्तिकारी बन्नुभयो ।

१९०१ सेप्टेम्बर महिनामा स्तालिन र केत्सीभेली मिलेर 'ब्रडजोला' (सङ्घर्ष) भन्ने एक अखबार निकाल्नुभयो । जर्जियाको त्यो पहिलो नकानुनी समाजवादी-प्रजातान्त्रिक खबर कागत थियो । पहिलो अङ्कको सम्पादकीय स्तालिनले लेख्नुभएको थियो । सम्पादकीयमा भनिएको थियो, "मजदुर आन्दोलनको प्रश्नलाई सरलरूपले उत्तर दिनु, सैद्धान्तिक प्रश्नहरूको व्याख्या गर्नु, सङ्घर्षमा मजदुरवर्गको अगुवाइलाई बुझाउनु, वैज्ञानिक समाजवादमा ध्यान दिनु र मजदुरविरोधी सबै गतिविधिको विरोध गर्नु नै यसको मुख्य उद्देश्य हो ।"

१९०१ नोभेम्बर - डिसेम्बरमा ब्रड्जोलाको अर्को अङ्क निस्क्यो । स्तालिनले त्यसमा 'रुसी समाजवादी प्रजातान्त्रिक पार्टी र त्यसका अहिलेका कामहरू' भन्ने एक महत्त्वपूर्ण लेख लेख्नुभयो । तिफलिसमा रुसी, जर्जियाली र रोमेनियाली भाषामा पर्चा निस्किन्थ्यो । लेनिनको इस्क्रामा त्यसको बयान गरिएको हुन्थ्यो ।

स्तालिनले आफ्नो साह्रै मिल्ने साथी केत्सीभेलीसँग मिलेर बाकुमा एक गुप्त छापाखानाको बन्दोबस्त गर्नुभयो । बाकु त्यसबेला काकेशशको सबभन्दा ठुलो सर्वहारा केन्द्र थियो । तिफलिस दोस्रो र बाटुम तेस्रो सर्वहारा केन्द्र थियो । ११ नोभेम्बर १९०१ मा तिफलिसका समाजवादी-प्रजातान्त्रिक मजदुर पार्टीको एक सम्मेलन भयो । स्तालिन पार्टी समितिको एक सदस्य चुनिनुभयो । उहाँ तिफलिसमा धेरै दिन बस्नुभएन र बाटुममा काम गर्न जानुभयो ।

बाटुममा स्तालिनले राजनैतिकरूपले अगाडि बढेका मजदुरहरूसँग सम्बन्ध राख्नुभयो र समाजवादी प्रजातान्त्रिक अध्ययन गोष्ठीहरू बनाउनुभयो । गुप्तरूपले छाप्ने ठाउँ मिलाउनुभयो र चर्का चर्का पर्चाहरू लेखेर कारखाना र गाउँमा प्रचार र सङ्गठन गर्न थाल्नुभयो । फेब्रुअरी १९०२ मा बाटुममा एक पार्टी सम्मेलन गर्नुभयो र कारखानामा हडतालहरू हुन थाल्यो । ९ मार्च १९०२ मा बाटुममा उहाँले एक राजनैतिक जुलुस निकाल्नुभयो । त्यस जुलुसमा स्तालिन आफैँ अगाडि बस्नुभएको थियो । त्यो घटना हडताल र राजनैतिक जुलुसको उदाहरण दिन लायकको एक व्यावहारिक चाँजोपाँजो थियो । त्यो जुलुस अर्थवादीहरूमाथि एक झटारो थियो । स्तालिन मजदुरहरूका 'मजदुर शिक्षक' को रूपमा देखापर्नुभयो ।

बाटुमको पार्टी सर्वहारा अन्तर्राष्ट्रवादको सिद्धान्तमा जग हालेको पार्टी थियो । त्यसमा जर्जियाली, अरमेनियाली, अजरबैजानियाली र रसियाली जातिका राजनैतिकरूपले अगाडि बढेका मजदुरहरू थिए । त्यसमा जातपात र सङ्कीर्णताको निम्ति कुनै ठाउँ थिएन । लेनिनको पार्टीमा काकेशियाको पार्टी सर्वहारा अन्तर्राष्ट्रवादको एक नमुनाको पार्टी थियो ।

बाटुममा बढ्दै गएको मजदुर आन्दोलनले सरकारलाई साह्रै अप्ठ्यारो पाऱ्यो । गोलमाल गर्ने 'मुख्य मान्छे' समात्न पुलिसले सहरमा छापा मार्न थाल्यो । २ अप्रिल १९०२ मा स्तालिन पक्रिनुभयो र बाटुम जेलमा राखिनुभयो । पछि उहाँ कुटाइस भन्ने साह्रै खराब जेलमा सारिनुभयो । १९ अप्रिल १९०३ मा स्तालिन बाटुममै लगिनुभयो । जेलमा उहाँले आफूलाई क्रान्तिकारी कामबाट कहिल्यै अलग्ग राख्नुभएन ।

१९०३ को मार्च महिनामा काकेशियाको समाजवादी-प्रजातान्त्रिक सङ्गठनहरूको एक सम्मेलन भयो । स्तालिन जेलमा हुनु भए पनि उहाँ समितिमा छानिनुभयो । १७ जुलाई १९०३ मा रुसी समाजवादी-प्रजातान्त्रिक मजदुर पार्टीको दोस्रो महाधिवेशन भयो । पहिले बेल्जियमको राजधानी ब्रसेल्समा गुप्तरूपले हुँदै थियो । बेल्जियम पुलिसले प्रतिनिधिहरूलाई देश छोड्न भन्यो । पछि बेलायतको राजधानी लण्डनमा गएर बैठक टुङ्ग्याइयो । त्यस महाधिवेशनमा २६ सङ्गठनका ४३ प्रतिनिधिहरू थिए । ती प्रतिनिधिहरू धेरै गुटमा विभाजित थिए । बहुमत इस्क्रावादीहरू थिए । तर, त्यसमा नक्कली समर्थकहरू मिसिएका थिए । केही अर्थवादी र यहुदी जातिवादी समाजवादी-प्रजातन्त्रवादी थिए जसलाई बुँद पनि भनिन्थे । तिनीहरू लेनिनको सर्वहारा हुकुम, किसानहरूको सहयोग, जातिहरूको आत्मनिर्णयको अधिकारलाई मान्दैनथे । लेनिन एक अनुशासित र क्रान्तिकारी पार्टी चाहनुहुन्थ्यो र तिनीहरू खुकुलो र फितलो पार्टी बनाउन चाहन्थे । महाधिवेशनमा लेनिनका इस्क्रावादीहरूको बहुमत थियो । त्यसलाई रुसी भाषामा बोल्शेविक (बहुमत) गुट भनिन थाल्यो । त्यो बैठक खोटो विचारहरूको विरोधमा मार्क्सवादको विजय थियो । महाधिवेशनमा भाग लिएर फर्केका प्रतिनिधिहरूमार्फत स्तालिनले पार्टी मतभेदबारे थाहा पाउनुभयो । स्तालिनले लेनिन र बोल्शेविकहरूको अडानको पक्ष लिनुभयो ।

१९०३ शरद्को बेला स्तालिन पूर्वी साइबेरियाको इर्खुटस्क प्रान्तको नोभाया-उदा भन्ने गाउँमा तीन वर्षको निम्ति निकाला गरिनुभयो । साइबेरिया साह्रै जाडो ठाउँ हो । जारको बेलामा राजनैतिक कार्यकर्ताहरूलाई कालापानीको सजाय दिँदा साइबेरिया पठाउँथ्यो वा निकाला गर्थ्यो । लेनिनले एकजना मानिसद्वारा स्तालिनसँग सम्बन्ध राख्नुभयो र पार्टीको काम, पार्टी बनावट र गतिविधिबारे विचार आदानप्रदान गर्नुभयो । स्तालिन पार्टी कामको निम्ति अधैर्य हुनुभयो र ५ जनवरी १९०४ मा कालापानीबाट भाग्नुभयो । फेब्रुअरी १९०४ मा उहाँ काकेशशको बाटुम र तिफलिस पुग्नुभयो । स्तालिन सालाखाला २ वर्ष जेल र कालापानीमा रहनुभयो ।

१९०४ मा रुस र जापानको बिचमा लडाइँ सुरु भयो । मजदुर र किसानहरूको जीवन दु:खमा हुन थाल्यो । मजदुर र किसान आन्दोलन पनि बढ्दै गयो । तर, मेन्सेविक (अल्पमत) हरू आर्थिक आन्दोलनमात्रै चलाउन चाहन्थे । लेनिनले त्यस खोटो विचारको विरोधमा चर्को सैद्धान्तिक सङ्घर्ष थाल्नुभयो । स्तालिन अरु साथीहरूसँग मिलेर बाटुम, चियाटुरी, कुटाइस, तिफलिस, बाकु, जर्जिया आदि ट्रान्स काकेशियाका विभिन्न ठाउँहरूमा सक्रिय भएर सङ्गठन गर्न लाग्नुभयो । त्यस इलाकामा स्तालिन लेनिनको विचारको मुख्य खम्बा हुनुहुन्थ्यो । मेन्सेविक विचारसँग स्तालिनले छिनोफानो हुने गरी सङ्घर्ष गर्नुभयो । सैद्धान्तिक विचारमा स्तालिन मुलाहिजा र सम्झौता गर्नुहुन्नथ्यो ।

*- 'जे.भी. स्तालिनको जीवनी' बाट*





रुसी गणतन्त्र महासङ्घको स्मोलेन्स्कमा जोसेफ स्तालिनको प्रतिमा अगाडि पुर्ष्पापण गर्दै रुसी पूर्वसैनिक तथा नागरिकहरू डिसेम्बर २१, २०२५ का दिन । समाजवादी सोभियत सङ्घका पूर्वनेता स्तालिनलाई लेनिनको योग्य उत्तराधिकारी र सोभियत समाजवादको निर्माताको रूपमा सम्झी रुस र विश्व विभिन्न देशमा स्मरण गरिँदै छ । *तस्बिर : समाजिक सञ्जालबाट*

# इमरान खानको सजायपछि देशव्यापी आन्दोलनको आह्वान

इस्लामाबाद, २१ डिसेम्बर ( एएनआई) । पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानले आफू र आफ्नी धर्मपत्नी बुशरा बिबीलाई तोसाखाना-२ भ्रष्टाचार मुद्दामा १७ वर्षको जेल सजाय सुनाइएपछि देशव्यापी विरोध प्रदर्शनको तयारी गर्न आफ्ना समर्थकहरूलाई आह्वान गर्नुभएको छ । उहाँले उक्त फैसलाविरुद्ध इस्लामाबाद उच्च अदालतमा चुनौती दिने स्पष्ट सङ्केत दिनुभएको छ ।

हाल हिरासतमा रहनुभएका तथा सामाजिक सञ्जालमा प्रत्यक्ष पहुँचमा नरहनुभएका खानले आफ्नो कानुनी टोलीमार्फत सन्देश पठाउँदै खैबर पख्तुनख्वाका मुख्यमन्त्री सोहेल अफ्रिदीलाई सामूहिक सडक आन्दोलनको तयारी सुरु गर्न निर्देशन दिनुभएको हो । "सम्पूर्ण राष्ट्रले आफ्ना अधिकारका लागि उठ्नुपर्छ," उहाँको सन्देशमा उल्लेख छ ।

इमरान खानले अदालतको फैसलाले आफूलाई आश्चर्यचकित नगरेको बताउँदै यसलाई विगत तीन वर्षयता आइरहेका 'आधारहीन निर्णयहरूको निरन्तरता' भएको दाबी गर्नुभएको छ । उहाँका अनुसार न्यायाधीशले बिनाप्रमाण र कानुनी प्रक्रिया पूरा नगरी हतारमा फैसला सुनाउनुभएको हो र उहाँको कानुनी टोलीको कुरा समेत नसुन्ने व्यवहार गरिएको छ । यसै सन्दर्भमा उहाँले इन्साफ वकिल फोरम तथा समग्र कानुनी समुदायले संवैधानिक सर्वोच्चता र विधिको शासनको रक्षामा अग्रणी भूमिका खेल्नुपर्नेमा जोड दिनुभएको छ । न्यायबिना आर्थिक प्रगति सम्भव नहुने उहाँको धारणा छ ।

पाकिस्तान तहरिक-ए-इन्साफ ( पीटीआई) ले आधिकारिक विज्ञप्ति जारी गर्दै फैसलालाई 'स्पष्ट रूपमा असंवैधानिक, अवैध, दुर्भावनापूर्ण र राजनीतिक प्रतिशोधको चरम रूप' भनेको छ । पार्टीका नेताहरूले यो सजाय खानको जेल अवधि लम्ब्याउने र राजनीतिक दबाब कमजोर पार्ने उद्देश्यले गरिएको आरोप लगाएका छन् । उनीहरूले अधीनस्थ न्यायपालिकककामार्फत राजनीतिक उत्पीडन भइरहेको दाबी पनि गरेका छन् ।

पीटीआईका महासचिव सलमान अकरम राजाले वरिष्ठ नेता असद कैसरसँग संयुक्त पत्रकार सम्मेलन गर्दै इमरान खानले अदालत कक्षमै आफ्ना प्रमुख वकिल ब्यारिस्टर सलमान सफदरमार्फत राष्ट्रका लागि सन्देश दिनुभएको जानकारी गराउनुभयो । उहाँले खानको भनाइ उद्धृत गर्दै भन्नुभयो, "म दृढ छु र कसैसँग माफी माग्ने छैन ।" राजाका अनुसार यो मुद्दा प्रतिज्ञापत्रमा मात्र आधारित छ र ठोस प्रमाण तथा साक्षीको अभाव छ ।

तोसाखाना-२ मुद्दामा सजाय सुनाइएपछि देशभर सार्वजनिक बहस चर्किएको छ र न्यायिक प्रक्रियाको विश्वसनीयतामाथि प्रश्न उठेका छन् । एएनआईसँग कुराकानी गर्दै लाहोर र पेशावरका बासिन्दा तथा पत्रकारहरूले यस फैसलामा राजनीतिक प्रेरणा र प्रमाणको कमी रहेको टिप्पणी गरेका छन् । लाहोर निवासी हमिद रियाज डोगरले न्यायपालिकाप्रति जनविश्वास घट्दै गएको बताउँदै हालैका अन्य फैसलाहरू पनि विवादित भएको उल्लेख गर्नुभयो ।

यो मुद्दा साउदी क्राउन प्रिन्सबाट प्राप्त करिब सात करोड १० लाख पाकिस्तानी रूपैयाँभन्दा बढी मूल्यको बुल्गारी गहना सेटको अवमूल्यनसँग सम्बन्धित रहेको छ । इमरान खान र बुशरा बिबीलाई आपराधिक विश्वासघात र भ्रष्टाचारसम्बन्धी धाराअन्तर्गत दोषी ठहर गरिएको हो । लाहोरका अर्का बासिन्दा जाकी उल्ला मुजाहिदले यस फैसलाले लोकतान्त्रिक संस्था र न्याय प्रणालीप्रतिको जनविश्वास थप कमजोर बनाएको भन्दै संविधान र कानुनी सीमाभित्र रहेर मात्रै राज्य सञ्चालन हुनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

# पर्ल हार्बरका अन्तिम साक्षीमध्ये एक इरा स्काबको निधन

होनोलुलु (अमेरिका), २१ डिसेम्बर (एपी) । दोस्रो विश्वयुद्धका नौसेनाका दिग्गज इरा 'इके' स्काब, सन् १९४१ मा पर्ल हार्बरमा भएको जापानी आक्रमणबाट बाँच्न सफल अन्तिम व्यक्तिहरूमध्ये एक, को १०५ वर्षको उमेरमा निधन भएको छ । उहाँको निधन शनिबार बिहान आफ्नै घरमा परिवारको उपस्थितिमा भएको उहाँकी छोरी किम्बर्ली हेनरिकसले जानकारी दिनुभयो ।

उहाँको निधनसँगै पर्ल हार्बरको आकस्मिक आक्रमणबाट बाँचेकाहरूको सङ्ख्या करिब एक दर्जनमा सीमित भएको छ । उक्त आक्रमणमा दुई हजार ४०० भन्दा बढी अमेरिकी सैनिकको ज्यान गएको थियो र यसले संयुक्त राज्य अमेरिकालाई दोस्रो विश्वयुद्धमा प्रवेश गराएको थियो ।

आक्रमणका बेला स्काब केवल २१ वर्षका जवान नाविक हुनुहुन्थ्यो । लामो समयसम्म उहाँले त्यो भयावह अनुभवबारे धेरै बोल्नुभएन । तर, पछिल्ला वर्षहरूमा जीवित साक्षीहरू क्रमश: घट्दै गएको महसुस गरेपछि उहाँ ओरेगनस्थित आफ्नो घरबाट हवाई पुगेर पर्ल हार्बरको वार्षिक स्मरण कार्यक्रममा सहभागी हुन थाल्नुभएको थियो । सन् २०२३ मा उहाँले 'असफल नभएका साथीहरूलाई सम्मान गर्न' आफू त्यहाँ जाने गरेको बताउनुभएको थियो ।

गत वर्षको स्मरणोत्सवका लागि उहाँले खडा भएर सम्मान प्रकट गर्न सक्ने शक्ति जुटाउन हप्तौं अभ्यास गर्नुभएको थियो । तर, यस वर्ष भने स्वास्थ्यले साथ नदिएपछि सहभागी हुन सक्नुभएन । त्यसको केही सातापछि नै उहाँको निधन भयो ।

सन् १९२० मा शिकागोमा स्वतन्त्रता दिवसका दिन जन्मिनुभएका स्काब तीन दाजुभाइमध्ये जेठा हुनुहुन्थ्यो । उहाँले आफ्ना पिताको पाइला पछ्याउँदै १८ वर्षकै उमेरमा अमेरिकी नौसेनामा सेवा प्रवेश गर्नुभएको थियो ।

सन् १९४१ डिसेम्बर ७ को त्यो आइतबार बिहान शान्त वातावरणमा युएसएस डोबिन जहाजको ब्यान्डमा टुबा बजाइरहनुभएका स्काब आफ्ना भाइको भेटको प्रतीक्षामा हुनुहुन्थ्यो । नुहाएर सफा वर्दी लगाइसकेका बेला अचानक आगलागी उद्धारको सङ्केत सुन्नुभयो । डेकमा निस्कँदा नजिकैको युएसएस उटाह पल्टिएको र जापानी विमानहरू आकाशमा घुमिरहेको दृश्य देख्नुभयो ।

उहाँले सन् २०२३ मा सम्झनुभएको थियो, "हामी अत्यन्तै स्तब्ध भयौं, डरले जमेको जस्तो भएको थियो । के हुन्छ भन्ने थाहा थिएन, तर केही भयो भने त्यो गम्भीर हुने निश्चित थियो ।"

उहाँ तुरुन्तै गोला-बारुदका बक्स लिन डेकमुनि झर्नुभयो र विमान-विरोधी तोपमा गोला पुऱ्याइरहेका सहकर्मी नाविकहरूसँग मिलेर काम गर्नुभयो । नौसेनाको रेकर्डअनुसार उहाँको जहाजले आक्रमणमा तीन जना नाविक गुमाएको थियो ।

स्काबले युद्धको अधिकांश समय प्रशान्त महासागर क्षेत्रमा बिताउनुभयो । नयाँ हेब्रिड्स (हालको भानुआटु), मारियाना टापुहरू हुँदै उहाँ जापानको ओकिनावासम्म पुग्नुभयो ।

युद्धपछि उहाँले एयरोस्पेस इन्जिनियरिङ अध्ययन गर्नुभयो र अपोलो अन्तरिक्ष कार्यक्रमअन्तर्गत जनरल डायनामिक्समा इलेक्ट्रिकल इन्जिनियरका रूपमा काम गर्नुभयो, जसले मानवलाई चन्द्रमामा पुऱ्याउन महत्त्वपूर्ण योगदान पुऱ्याएको थियो । उहाँका छोरा पनि नौसेनामा सेवा गरेर सेवानिवृत्त कमान्डर बन्नुभएको छ ।

सन् २०२२ को एक समारोहमा बोल्दै स्काबले पर्ल हार्बरमा सेवा गर्ने सबैलाई सम्झन र सम्मान गर्न आग्रह गर्नुभएको थियो । "उनीहरू यहाँ किन थिए, त्यो सम्झनुहोस् । बाँकी रहेकाहरूलाई सम्मान गर्नुहोस्, जिउँदा वा दिवङ्गत, सबैले अत्यन्तै ठुलो काम गरेका छन्," उहाँले भन्नुभएको थियो ।

## विश्व सङ्क्षेप

### चीनद्वारा नयाँ सञ्चार प्रविधि उपग्रह प्रक्षेपण

वेन्चाङ, हाइनान, २१ डिसेम्बर (सिन्ह्वा) । चीनले शनिबार दक्षिण चीनको हाइनान प्रान्तस्थित वेन्चाङ अन्तरिक्ष प्रक्षेपण केन्द्रबाट नयाँ सञ्चार प्रविधि परीक्षण उपग्रह सफलतापूर्वक अन्तरिक्षमा पठाएको छ ।

उक्त उपग्रहलाई बेइजिङ समयअनुसार साँझ ८:३० बजे लङ मार्च-५ वाहक रकेटमार्फत प्रक्षेपण गरिएको हो । प्रक्षेपणपछि उपग्रहले निर्धारित कक्षामा सफलतापूर्वक प्रवेश गरेको जनाइएको छ ।

यो उपग्रह मुख्यत: बहु-ब्यान्ड तथा उच्च-गति सञ्चार प्रविधिसम्बन्धी परीक्षण र प्रमाणीकरण कार्यका लागि प्रयोग गरिनेछ ।

यस प्रक्षेपणसँगै लङ मार्च वाहक रकेट श्रृङ्खलाले आफ्नो ६१८ औँ मिशन पूरा गरेको छ ।

### सबस्टेसनमा आगोका कारण सान फ्रान्सिस्कोमा विद्युत् सेवा अवरुद्ध एक लाख घर-व्यवसाय प्रभावित

सान फ्रान्सिस्को, २१ डिसेम्बर (एएफपी) । अमेरिकाको सान फ्रान्सिस्कोमा शनिबार ठुलो मात्रामा विद्युत् अवरोध भएको छ । सहरका करिब एक लाख ३० हजार घर र व्यवसायहरू अन्धकारमा परेका छन् ।

प्यासिफिक ग्यास एण्ड इलेक्ट्रिक कम्पनीका अनुसार, विद्युत् सेवा पुन: सुचारु गर्न आपतकालीन सेवा र सहरका अधिकारीहरूसँग समन्वय गर्दै काम भइरहेको छ ।

सहरका मेयर ड्यानियल ल्युरीले बासिन्दालाई अनावश्यक बाहिर नजान र घरमै बस्न आग्रह गर्नुभएको छ । केही ट्राफिक सङ्केतहरूले काम नगरेको हुँदा प्रहरीले चोकहरूमा नियन्त्रणका लागि खटाइएको छ ।

विद्युत् कटौतीको मुख्य कारण सहरको एक सबस्टेशनमा आगो लागेको हो । अझै पूर्ण रूपमा सेवा कहिले फर्कने निश्चित भएको छैन ।

यस घटनाका कारण पश्चिमी तटको प्रमुख प्रविधि केन्द्र अन्धकारमा परेको छ ।

### डिजिटल पहुँच विस्तार गर्दै श्रीलङ्कामा ५-जी सेवा सुरु

कोलम्बो, २१ डिसेम्बर (सिन्ह्वा) । श्रीलङ्काले पहिलो पटक सर्वसाधारणका लागि ५-जी मोबाइल सेवाको व्यावसायिक सुरुआत गर्दै डिजिटल प्रविधिको नयाँ चरणमा प्रवेश गरेको छ । देशका दुई प्रमुख दूरसञ्चार सेवा प्रदायक 'डाइलग एक्सियाटा' र 'श्रीलङ्का टेलिकम मोबिटेल' ले व्यावसायिक रूपमा ५-जी सेवा सुरु गरेका छन् । श्रीलङ्का टेलिकम मोबिटेलले शुक्रबार कोलम्बोस्थित वन गाल फेस किनमेल केन्द्रमा सेवा सुरु गर्दै उच्च गतिको इन्टरनेट तथा ५-जी प्रविधिका अनुप्रयोगहरू प्रदर्शन गरेको थियो ।

श्रीलङ्का टेलिकम समूहका अध्यक्ष मोथिलाल दे सिल्भाले ५-जी प्रविधिले डेटा आदान-प्रदानलाई छिटो बनाउने मात्र नभई कृत्रिम बौद्धिकता आधारित सेवाहरूको प्रयोगमा पनि व्यापक योगदान दिने बताउनुभयो ।

डाइलग एक्सियाटाले बिहीबार 'डाइलग ५-जी अल्ट्रा' सेवा औपचारिक रूपमा सुरु गरेको घोषणा गरेको छ । देशभर रहेका दुई सयभन्दा बढी सक्रिय ५-जी केन्द्रमार्फत यो सेवाले पन्ध्र लाखभन्दा बढी प्रयोगकर्तालाई सेवा प्रदान गरिरहेको छ । डाइलग एक्सियाटाका समूह प्रमुख कार्यकारी अधिकृत सुपुन वीरासिंहेले ५-जी सेवा श्रीलङ्काको डिजिटल संरचना बलियो बनाउन र भविष्यमा नवप्रवर्तन, उत्पादनशीलता तथा डिजिटल पहुँच विस्तार गर्न महत्त्वपूर्ण कदम रहेको बताउनुभएको छ ।

### दक्षिण अफ्रिकाको बारमा गोलीकाण्ड ९ जनाको मृत्यु, १० जना घाइते

जोहान्सबर्ग, २१ डिसेम्बर (एएफपी) । दक्षिण अफ्रिकाको जोहान्सबर्ग नजिकैको बेक्कर्सडालमा शनिबार बिहान अज्ञात हथियारधारीहरूले एक बारमा गोली चलाउँदा ९ जनाको मृत्यु भएको छ भने १० जना घाइते भएका छन् । यो महिनाभरि देशमा भएको दोस्रो ठुलो गोलीकाण्ड हो ।

पुलिसका अनुसार आक्रमणकारी दुईवटा सवारीसाधनमा बारमा पुगेका थिए र ग्राहकमाथि गोली चलाए । भाग्दा पनि उनीहरूले अनियन्त्रित रूपमा गोली चलाइरहेका थिए । मृतकमध्ये एक अनलाइन कार सेवा चालक पनि छन् । आक्रमणकारीहरूको खोजी अभियान जारी छ ।

दक्षिण अफ्रिका लामो समयदेखि अपराध र भ्रष्टाचारको सामना गर्दै आएको छ । देशमा गोलीकाण्ड सामान्य घटना हुन् र प्राय: हिंसा अवैध व्यवसाय प्रतिस्पर्धाका कारण हुने गर्छन् ।

यसअघि, डिसेम्बर ६ मा प्रिटोरियासँग नजिकैको सोल्सभिल टाउनशिपको होस्टलमा गोलीकाण्डमा १२ जनाको मृत्यु भएको थियो । त्यहाँ अवैध मदिरा बिक्री हुने स्थानमा आक्रमण भएको पुष्टि भएको थियो ।

पुलिसका अनुसार दक्षिण अफ्रिकामा कानुनी रूपमा बन्दूकधारी धेरै भए पनि अवैध बन्दुकहरू अझ बढी प्रचलित छन् । यस वर्षको अप्रिलदेखि सेप्टेम्बरसम्म हरेक दिन औसत ६३ जनाको हत्या भएको तथ्याङ्क छ, जसमा मुख्यतया झगडा, डकैती र गिरोह हिंसा कारण रहेका छन् ।

# राजनीति, सस्कार र परिणाम

एस.डी.राजचल

राजनीतिमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सलग्नहरूले राजनीतिक सिद्धान्त र सिद्धान्तअनुसारको राजनीतिक संस्कारलाई आत्मसात गर्नुपर्ने आवश्यकता मात्रै होइन, बाध्यता हो । कुनै राजनीतिक दलले सिद्धान्त र संस्कारलाई बेवास्ता गर्नु उचित होइन । दलले एउटा निश्चित मार्गनिर्देशक सिद्धान्त बोकेको हुन्छ । सोही मार्गनिर्देशनलाई व्यवहारमा उतार्न राजनीतिक संस्कारलाई सँगसँगै लानुपर्ने हुन्छ । संस्कारबिनाको राजनीतिक सिद्धान्तको अर्थ हुँदैन ।

तर, नेपालको अहिलेको राजनीति र ठुला भनिएका राजनीतिक दलका नेताहरूको आचरण, गतिविधि र अभिव्यक्तिलाई नजिकबाट नियाल्दा तिनीहरूको लागि राजनीतिमा सिद्धान्त र संस्कार आवश्यक नभएको हो वा प्राथमिकतामा नपरेको हो ? राजनीतिमा सिद्धान्त र संस्कार आवश्यक नठानेको हो भने त्यो सरासर गलत हो । किनभने, सिद्धान्त नै दलको साध्य हो, सैद्धान्तिक हतियार अन्य जुनसुकै प्रकारका हतियारभन्दा बलियो हतियार हो । राजनीतिक संस्कार एउटा साधन हो । साधनबिना साध्यमा पुग्नु दिवास्वप्न हो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले संसद् वैचारिक लडाइँ गर्ने थलोको रूपमा रहेको कुरा आज पनि कतिको दिमागमा ताजै होला । उहाँको अभिव्यक्ति धेरैले आत्मसात गरेका पनि छन् ।

पार्टीका सचिव एवम् पूर्वसांसद प्रेम सुवालका भनाइहरू संसद् भवनमा गुन्जिरहेको हुनुपर्छ । उहाँहरू संसद्लाई वैचारिक मञ्च बनाउन आवाज गुन्जाइरहनु हुन्थ्यो । यसरी संसद्लाई विचार आदान-प्रदान गर्ने र एउटा वैचारिक थलोको रूपमा अगाडि बढाउनुपर्छ भन्ने सांसदहरू अत्यन्त थोरै थिए ।

दलले आत्मसात गरेको सिद्धान्त प्रचारका लागि जनताको घर-घरमा गएर राजनीतिक संस्कार निर्माणमा दलले ध्यान दिएको हुन्छ । आफ्ना प्रचार सामग्रीहरूमार्फत जनतालाई राजनीतिक चेत दिने काम राजनीतिक दलको हुनुपर्दछ । राजनीतिक चेतबिनाको आन्दोलनले क्षतिमात्र हात पार्दछ ।

तर, राजनीतिमा लागेका नेता र कार्यकर्ताहरूमा देखिएको सिद्धान्त र संस्कारको व्यापक कमीले देश आज अराजकताको बाटोबाट अगाडि बढिरहेको चर्चाको विषय छ । देशले ओरालो गति लिएको हेरेका, देखेका र भोगेका जनता नेता र कार्यकर्तामा आफ्नै दलले बोकेको सैद्धान्तिक ज्ञान र सिद्धान्तबमोजिमको संस्कारको अभाव देख्दा चिन्ता व्यक्त गर्ने गरेका छन् । अराजक समाज जसरी विशृङ्खलित हुन्छ । यो सबैको लागि चिन्ताको विषय हो । अराजक राजनीतिक गतिविधिले सिङ्गो देशलाई अराजकताको भुमरीमा फसाउँछ । अराजकताले दल र दलका नेतालाई गन्तव्यमा पुऱ्याउँदैन । यसमा समयमै सचेत हुनुपर्दछ । यसबाट केवल नोक्सानी र क्षति बढ्ने सम्भावना रहन्छ ।

तहका ठुला दलका नेताले दलको सैद्धान्तिक आधार क्रमश: गुमाउँदै लगेका छन् । एक पछि अर्को वैचारिक स्खलन भएकोमा राजनीतिक विश्लेषकहरू चिन्ता व्यक्त गर्छन् । अर्काथरी नेताहरूले युवाको हुङ्कार गरेर पाखुरा सुर्काउने अभिव्यक्तिहरू दिन थालेका छन् । "....सँग भिड्न पाइने भो, मज्जा आउने भयो । भिड्ने भए ...ठाउँमा आउनु । कसको शक्ति कति छ थाहा हुन्छ" भन्नेजस्ता सस्तो र अराजनीतिक अभिव्यक्तिहरू पार्टीका केन्द्रीय तहका नेताहरूले बोल्न थालेका छन् दलका अन्य नेता कार्यकर्ताहरू राजनीतिमा अराजकता हावी भएको स्वीकार गर्दछन् । यस्ता अराजक अभिव्यक्ति आजको तेस्रो पुस्ताका लागि कति सुहाउँछ ? अझ राजनीतिमा पाइला टेक्दै गरेका नयाँ युवा र विद्यार्थीहरूलाई यसले कस्तो सन्देश दिन्छ ? के राजनीतिमा संस्कार आवश्यक छैन र ? भन्नेजस्ता प्रश्न तेर्सिएका छन् । यस्तो भद्दा र अराजक अभिव्यक्ति कसैका लागि पनि सुहाउने कुरो होइन । यद्यपि, नेताहरू किन जथाभावी बोल्छन् ? किन अराजकता मच्चाउन उद्यत हुन्छन् ? किन विचार र सिद्धान्तले भन्दा 'मनि' र 'मसल' को कुराले लोकप्रियताका साथै चर्चा पाउँछन् ? ती दलका नेताहरू चिन्तित देखिएका छैनन् कि त्यस्ता नेतालाई मलजल हाल्ने र अराजक अभिव्यक्ति दिन उक्साउने नेता पहिलो र दोस्रो पुस्ताकै अराजकहरू हुन् ।

विधिको शासनलाई सबैले मान्नुपर्ने हुन्छ । कानुनी शासन भनेकै विधिको शासन हो । राज्यको न्यायालयले विधिको शासन सञ्चालनमा आवश्यक सहजीकरण गर्ने गर्दछ । प्रमाण र तर्कको आधारमा दोषी हो कि निर्दोष ? त्यसको स्पष्ट व्याख्या न्यायालयले गर्दछ । तर, देशका निवर्तमान प्रधानमन्त्री आफ्नो पार्टीमा हात हाल्यो भने देश ठप्प पार्ने चुनौती दिन्छन् । के यस प्रकारको राजनीतिले देशमा कानुनी शासन प्रत्याभुत गर्न सक्ला ? के न्याय तल्लो र गरिब जनताकै लागि मात्र हो ? बलियो र शक्तिमा हुनेका लागि कानुनी शासनको कुनै अर्थ लाग्दैन ? यस्ता जिज्ञासाहरू सर्वत्र छाउन थालेका छन् । कुनै घटना वा दुर्घटनाको आवश्यक छानबिनको लागि गठित जाँचबुझ आयोगले जाँचबुझको सिलसिलामा जो कसैसँग पनि बयान लिन सक्दछ, लिने गर्दछ, लिनु पनि पर्ने हुन्छ । यो सामान्य नियम हो । आवश्यक प्रक्रिया अवलम्बन गरेपछि मात्र आयोगलाई कारबाहीको सिफारिस गर्न सहज हुनेगर्दछ । तर, पटक-पटक प्रधानमन्त्रीको कुर्सीमा रहिसकेको ठुलो दलको ठुलै नेताले हिजो गरेको गल्ती कमजोरीको कारण आज जाँचबुझको लागि बोलाउने चर्चासँगै त्यस्तो अभिव्यक्ति किन दिन हतारो भएको ? पूर्वमन्त्री र प्रधानमन्त्रीहरूलाई देशको कुनै पनि कानुनले नछुने हो त ? यस्तो रवैयाले देशलाई कता पुऱ्याउला ? के एमालेका अध्यक्षलाई जाँचबुझ आयोगले बोलाउनु नै आयोगको कमजोरी हो ? सरकारको पूर्वाग्रही दृष्टिकोण हो ? यस्ता अभिव्यक्ति सामान्य मानिसका लागि पनि स्वाभाविक हुनेगर्दैन भने देशको उच्च तहमा बसिसकेको नेतालाई कसरी स्वाभाविक हुन गयो ?

नेताको संस्कार, आनीबानी र आचरण कार्यकर्ताले अनुसरण गर्ने गर्दछ । कार्यकर्ताको आचरण आम नागरिकको लागि प्रेरणाको स्रोत बन्ने हो । समाज सुहाउँदो राजनीतिक संस्कारले समाजलाई सही मार्गमा डोहोऱ्याउँछ । समाजका अगुवाको अभिव्यक्ति र संस्कार अन्यका लागि अनुकरणीय बन्ने गर्दछ । 'जो अगुवा उही भगुवा' भयो भने समाज सही बाटोमा अगाडि बढ्न सक्दैन । यसले समाजलाई नोक्सानीबाहेक केही हात लाग्दैन । क्षणिक मनोरञ्जन र कार्यकर्ताको ताली पाउनको लागि दिइने यस्ता अराजक अभिव्यक्ति भोलि आफैका लागि गलपासो बन्नेबारे बेलैमा बुद्धि पुऱ्याउनु वाञ्छनीय हुन्छ । नत्र, भोलि पछुताएर केही हुनेछैन । आजको गलत अभिव्यक्ति र आचरणले परिणाम राम्रो हुने छैन । भनिन्छ, 'सिस्नु रोपेर तुल्सी उम्रन्न ।'

# स्वास्थ्यमा एआई : रिझाउला कि बिझाउला ?

डा. सुवास प्याकुरेल

हर व्यक्तिको मुखमै झुण्डिएको शब्द 'एआई' (आर्टिफिसियल इन्टेलिजेन्स) सम्बन्धमा जति आशा र अवसरको चित्र कोरिएको छ, उति नै संशय र सतर्कताको लेन्स पनि तेर्सिएको छ । हर सन्दर्भ, हर समस्या र हर समयमा 'एआई' को सम्झना आउनुले यसको महत्त्व झल्काएको छ । युभल नोहा हरारीजस्ता विश्वप्रसिद्ध दार्शनिक लेखक र 'एआई' कै गडफादरका रूपमा चर्चित नोबेल पुरस्कार विजेता जेफ्री हिन्टनले समेत 'एआई' माथि आशङ्काका शब्दहरू खन्याइदिँदा यस सम्बन्धमा आम मानिसले बुझेका 'मानिसको रोजगारी खोसिदिन्छ', 'एआईले आफूभन्दा विकसित सिन्थेटिक इन्टेलिजेन्स र सुपर इन्टेलिजेन्स विकास गरेर प्रकारान्तरमा मान्छेलाई नै टक्कर दिन्छ रे' भन्ने बुझाइमा मलजल हुने नै भयो । वास्तविकता के हो, कसो हो, यसै भन्न सकिँदैन । कुरो रह्यो–स्वास्थ्यका सवालमा 'एआई' ले हामीलाई रिझाउला कि बिझाउला त ?

**स्वास्थ्य क्षेत्रमा 'एआई' कत्तिको 'म्याच' हुन्छ ?**

चिकित्सा जगतका केही प्रकृति र विकृति नै यस्ता छन् कि लाग्छ–'एआई' जस्तो प्रविधि नभएर यो क्षेत्र रुखिएको थियो । धेरैभन्दा धेरै तथ्याङ्क उत्सर्जन हुनु, धेरैथरी सरोकारवाला भएर बृहत 'इकोसिस्टम' हुनु, धेरैथरी नियामक हुनु, धेरै विशेषज्ञता र विशेषता हुनु, भएजति सबै मानिस नै यस क्षेत्रका उपभोक्ता हुनु, तथ्याङ्कलाई एक ठाउँबाट अर्को ठाउँमा सारफेर गर्नुपर्ने आवश्यकता हुनु, मानव जीवनसँग जोडिएको कारण सेवाको छिटो, छरितो र न्यून खर्चमा प्रवाहको माग हुनुजस्ता कारणले स्वास्थ्य क्षेत्र 'एआई' सुहाउँदो क्षेत्रमा पर्न आउँछ । उसैपनि समग्र मानव–उत्सर्जित तथ्याङ्कको कुल भण्डारणमा स्वास्थ्य क्षेत्रकै करिब १० प्रतिशत हाराहारी हिस्सा हुनुबाट पनि यो क्षेत्र 'एआई' का लागि उर्वर रहेको बुझिन्छ ।

**उपचारात्मक सेवामा 'एआई' ले कहाँ–कहाँ ठाउँ भेट्छ ?**

चिकित्सक वा स्वास्थ्यकर्मीले आरामले 'हिस्ट्री' लिइरहँदा 'भ्वाइस टु टेक्स्ट' विधिले भनेझैं मेडिकल रेकर्ड तयार गरिदिनु, छुटेका प्रश्न अलर्ट गराइदिनु, आवश्यक शारीरिक जाँच सुझाइदिनु, सम्भावित 'डायग्नोसिस' सम्झाइदिनु, ल्याब जाँचको सूची र सेड्युल बताइदिनु, रेडियोलोजी वा ईसीजीमा प्रिसिजन र एक्युरेसीसहित रोग पत्ता लगाइदिनु, एक वचनमै वा एक क्लिकमै प्रेस्क्रिप्सन तयार गरिदिनु, भर्ना वा शल्यक्रियाको आवश्यकता बताइदिनु, उपचार सफलताको सम्भावना (प्रोग्नोसिस) आकलन गर्नुजस्ता धेरै कदममा 'एआई' सहयोगी बन्न सक्छ । खोकीको आवाज वा सास फेर्ने तरिका नियालेर आफैं रोग सुझाइदिने विधि समेत विकास भइसकेका छन् । त्यस्तै 'नेनो टेक्नोलोजी' जस्ता नयाँ प्रविधिमा माइक्रो चिप्समार्फत क्यान्सर भएका कोषिका पहिचान गरी आवश्यक कारबाही गर्ने 'थेराग्नोस्टिक' (डायग्नोसिस र थेरापीको मिश्रित शब्द) वा क्यान्सर हुने सम्भावित कोषिकालाई पहिले नै तह लगाउने 'प्रेडिक्टिभ ट्रीटमेन्ट' सम्ममा पनि 'एआई' को भूमिका देखिन थालेको छ ।

**के अब 'एआई' ले चिकित्सकर्मीको भूमिकामा धावा बोल्ला त ?**

स्वास्थ्य क्षेत्रमा 'एआई' राम्रो सहायक बन्न सक्छ । हर विधामा यसको कुनै न कुनै तहको महत्त्व प्रष्ट भइसकेको छ । विकसित मुलुकहरूमा बिरामी र आम उपभोक्ताको पक्षमा पनि 'भर्चुअल हेल्थ असिस्टेन्ट' जस्ता 'एआई एजेन्ट' ले धेरै समाधान घरमै उपलब्ध गराउने अवस्था बनाएका छन् । 'आईओएमटी' अर्थात् 'इन्टरनेट अफ मेडिकल थिङ्स' को अवधारणाले आफैं स्वास्थ्य स्क्रिनिङ गर्न सकिने अवस्था सिर्जना गरेको छ । तर त्यसो भन्दैमा स्वास्थ्य क्षेत्रमा 'एआई' ले चिकित्सक विस्थापित गर्ने, अस्पताल सुकाइदिनेजस्ता सम्भावनाहरू केवल दुष्प्रचार मात्र देखिन्छन् । विभिन्न अध्ययनहरूलाई हेर्दा पनि यस्ता आशङ्का टिकाउ देखिँदैनन् । स्वास्थ्यसम्बन्धी तथ्याङ्क एकनासको नभई विविध हुने भएकाले 'एआई' लाई जुनसुकै मोडलमा 'ट्रेन' गरे पनि सम्पूर्ण शृङ्खला जादुमय तरिकाले जिम्मा लिन कठिन देखिन्छ । त्यसैगरी, स्वास्थ्योपचारमा जवाफदेहिता र कडा नियमन रहने भएकाले पनि यस्तो सम्भावना कमजोर हुन्छ । 'मैले होइन, एआईले हो' भनेर जस–अपजस उता तेर्स्याउन सजिलो छैन । सबैभन्दा मुख्य कुरा–स्वास्थ्य भनेको मानवीय संवेदना, सुझबुझ, अन्तर–विभागीय छलफल र सेकेन्ड ओपिनियन हावी हुने क्षेत्र भएकाले 'एआई' आएर यसलाई 'डिह्युमनाइज' गरेको स्वीकार्य नहुने देखिन्छ ।

**उसो भए स्वास्थ्यमा 'एआई' ले रिझाउला कि बिझाउला त ?**

'एआई' ले जति डङ्का पिटे पनि, जति यसबारे अफवाह फैलिए पनि, यसले स्वास्थ्य क्षेत्रलाई मानव स्रोतविहीन बनाउने, स्वास्थ्यकर्मीलाई हायलकायल पार्ने, निर्णय उल्ट्याइदिने वा बिगार गर्ने सम्भावना न्यून छ । 'एआई' ले बरु एकनासका डेटा र पूर्ण रूपमा गणितीय निर्णय प्रक्रियामा आधारित हवाई उड्डयन वा बैङ्किङ क्षेत्रलाई मानवरहित बनाउन सक्ला, तर स्वास्थ्य क्षेत्रमा भने एक सच्चा साथी वा सल्लाहकारको भूमिका खेल्न सक्छ–तर कुनै अकल्पनीय सङ्कट सिर्जना गर्न सक्दैन । अर्थात्, 'एआई' ले स्वास्थ्य क्षेत्रलाई रिझाउने देखिन्छ, बिझाउने देखिँदैन ।

# चिसोले गरिब बस्तीको जनजीवन कष्टकर

गोपालप्रसाद बराल

मङ्सिरभरि झलमल्ल घाम लाग्दा सामान्य रहेको यहाँको जनजीवन पुस लागेयता बढ्दै गएको जाडोले प्रभावित बनेको छ ।

पुस लागेसँगै हवात्तै बढेको चिसोले गरिब बस्ती बढी प्रभावित भएका छन् । जिल्लाको दक्षिणी क्षेत्रमा पुस लागेसँगै बिहानदेखि नै मध्याह्नसम्म बाक्लो हुस्सुले ढाकेर चिसो बतास चल्न थालेसँगै गरिब बस्तीको बिजोग बढेको हो ।

जिल्लाको सुदूर दक्षिणपूर्वी भेगको मटिहानी–८ का ३० वर्षीय युवा इसराफुल राइन भन्नुहुन्छ, "यतातिर गत बुधबारदेखि नै मध्याह्नसम्म बाक्लो हुस्सुले ढाक्दै आएको छ, लगातारको चिसो बतासले काममा निस्कन सकिएको छैन । यसले जीवन गुजारामै सकस बढाएको छ ।"

जिल्लाको दक्षिणी क्षेत्रमा लाग्दो पुससँगै हुस्सु बढे पनि सुदूर उत्तरी क्षेत्रमा भने गत शुक्रबारदेखि यो क्रम बढेको हो । बर्दिवास, गौशाला, औरही र भङ्गाहा नगरपालिका क्षेत्रमा गत बिहीबारसम्म झलमल्ल घाम लागेको थियो ।

गौशाला–१० बटौवा बस्तीका ७० वर्षीय लक्ष्मीप्रसाद कुशवाहा भन्नुहुन्छ, "बिहीबारसम्म त कति राम्रो मौसम थियो, शुक्रबार एक्कासी डम्म हुस्सुले ढाक्यो, त्यसयता जाडो निकै बढ्यो । यो बढ्दो चिसोले अब धेरै टिकिन्न कि जस्तो बनाइसक्यो ।" मध्याह्नपछि हुस्सु फाट्दै गए पनि पारिलो घाम लाग्न नसक्दा र दिनभरि नै चिसो बतास चलिरहँदा जाडोले कुनै काममा निस्कन नसकेको उहाँको भनाइ छ ।

यो बढ्दो चिसोले गरिब बस्ती अत्यधिक प्रभावित भएका छन् । अहिले मुसहर, डोम, हलखोर, मेस्तरसहितका अति पिछडिएका गरिब जाति समुदायका बस्तीमा सडकमा फालिएका झुत्रा लुगा, प्लास्टिक र भित्राभित्री बालिने 'घुर' मात्र सहारा बनेको छ । "लकडीकाठी (दाउरा) कहीँ पाइँदैन, कोही फर्केर हेर्न आउँदैनन्, के गरौं ? यही घुरको धुवाँ तापेर जाडो काट्नुपरेको छ," भङ्गाहा–४ रामनगरको मुसहरीटोलकी हेमनी सदा मुसहरले भन्नुभयो ।

बिहानीपख लाग्ने हुस्सुले सडक यातायात र हवाई यातायात सेवा प्रभावित हुन थालेका छन् । बाक्लो हुस्सुकै कारण मध्याह्नअघिका हवाई सेवा धेरैजसो प्रभावित हुँदैछन् । मध्याह्नसम्म हुस्सु राम्ररी फाट्न नसक्दा विमान अवतरणमा समस्या हुने भएर बिहानी सेवा रोकिने गरेको जनकपुर विमानस्थल कार्यालयले जनाएको छ ।

यस्तै, एकाबिहानैको समयका सार्वजनिक सडक यातायातका साधनलाई पनि हुस्सुले छिचोल्न नसक्दा ठाउँ–ठाउँमा रोकिनुपरेको चालक बताउँछन् । बाक्लो हुस्सुसँगैको चिसो हावा बहने क्रमले बिहान बेलुका जाडो निकै छिप्पिएको छ ।

चिसो निकै बढेपछि खेतीपाती र बन्दव्यापारका काम ठप्पझैं भएका छन् । मध्याह्नपछि झल्याकझुलुक देखिने घाम मधुरो हुने र चिसो सिरेटो लगातार चलेपछि बाहिरफेरो निस्कन गारो बन्दै गएको छ । यसले बजारको चहलपहल देखिन छाडेको गौशाला–५ गौशाला बजारका व्यापारी अजय साह बताउनुहुन्छ ।

एक्कासी बदलिएको मौसमले व्यापार व्यवसायमात्र नभएर नियमित खेतीपातीका काममा बिहानैदेखि लाग्न नसकिएको किसान बताउँछन् । लाग्दो पुसमै यस्तो चिसो बढेपछि यहाँका बुढापाका अझ पछिका दिन कस्तो होला भन्दैछन् । भङ्गाहा–५ सीतापुर बजारमा बस्दै आउनुभएका ८५ वर्षीय हाजी बिहारी अन्सारी भन्नुहुन्छ, "अहिले नै जाडोले धर्मराएको छ, पुस अझै निकै बाँकी छ, १५ माघ नलागी पारिलो घाम देखिने छाँट छैन, खै कसरी दिन कट्ने हुन् ? चिसोले उठ्न बस्न पनि नसकिने भइयो, दुःख पाइने छाँट छ ।"

बढ्दो जाडोले यस भेगका गरिब र दलित बस्ती बढी जोखिममा देखिन्छन् । दैनिक ज्यालादारी गरेर गुजारा गर्नुपर्ने श्रमिक बिहानको काममा जान पातलिएको छ । काममा जान नपाएपछि यो सोझै गुजारासँग जोडिने हुँदा गरिब बस्तीमा भोकभोकै बस्नुपर्ने अवस्था पनि बन्दैछ । औरही–७ भोइलटिम्कियाका ६० वर्षीय घुरन सदा भन्नुहुन्छ, "मुटु कमाउने जाडो छ, कसरी काममा निस्कने होला ? बनी गर्न नतिस्के मुखमा माड लाग्दैन, अब भोकभोकै पर्ने बेला आउने भयो ।" जाडो सबैलाई उतिकै आए पनि आफूहरूको गरिबीले समारिन नसकिएर दुःख बढेको उहाँ बताउनुहुन्छ ।

चिसो बढ्दै जाँदा वृद्धवृद्धा, सुत्केरी र स–साना नानीहरूको स्याहार, सम्भार कठिन भएको छ । घरमा पोषणयुक्त ताजा खाना, न्यानो लुगा र घर वरपर सरसफाइमा कमी हुँदा पराले झुप्राका बस्तीहरू बढ्दो जाडोले बढी प्रभावित भएका देखिन्छन् ।

यसैबिच, महोत्तरीका स्वास्थ्य संस्थाले धमाधम सूचना प्रसारण गराएर चिसोमा आफ्नो घरपरिवारको स्याहार सम्भारमा ध्यान दिन आग्रह गरेका छन् । घरमा आफ्नै वरपर पाइने सागपात र गेडागुडीको झोल खान, बिहान बेलुका अत्यन्त जरुरी काम नपरी बाहिर ननिस्कन, न्यानो ठाउँमा बस्न र घर वरपरको सरसफाइमा ध्यान दिन स्वास्थ्य संस्थाको तर्फबाट सूचना जारी गरिएका छन् ।

यसबाहेक फोहर कपडा, मिल्किएका कसिङ्गर, झुत्रा प्लास्टिक र चिसो झ्यास सल्काएर आगो नबाल्न आग्रह गरिएको स्वास्थ्य कार्यालयले जनाएको छ । यस्तो आगो बालिएको ठाउँबाट निस्कने धुवाँले पुराना बिरामीको श्वासप्रश्वासको समस्या झनै बढाउने र नयाँमा थपिने स्वास्थ्य कार्यालय प्रमुख नवलकिशोर साह बताउनुहुन्छ ।

चिसोले जनजीवन कष्टकर बनाउन थालेपछि गरिब र दलित बस्तीमा बिहान बेलुका जाडो छल्ने उपायका लागि पहलकदमी लिन स्थानीय तहसँग सामाजिक सङ्घसंस्थाले आग्रह गरेका छन् । असहाय र गरिब बस्तीमा आगो ताप्ने दाउराको प्रबन्ध गरिनु पहिलो प्राथमिकता रहेको बर्दिबास हेल्प फाउण्डेसनका अध्यक्ष कुमार भण्डारीको भनाइ छ । यस कार्यमा स्थानीय तहले स्थानीय प्रशासनसँग समन्वय गरेर आवश्यक प्रबन्ध जुटाउनपर्ने भण्डारीको सुझाव छ ।

यससँगै गरिब बस्तीमा न्यानोको प्रबन्ध र खानपिनका कुरामा पनि सहयोग गर्न सकिनेगरी तयारी गरिन आवश्यक रहेको उहाँ बताउनुहुन्छ । यसैबिच, जिल्ला समन्वय समितिको कार्यालयले जिल्लाका १५ वटै स्थानीय तह र जिल्ला दैवी प्रकोप उद्धार समितिसँग चिसोबाट बर्सेनि हुँदै आएको जनधनको क्षति यसपालि हुन नदिन पूर्वसतर्कता र आवश्यक तयारीका लागि आग्रह गरेको छ ।

जिल्ला समन्वय समितिका प्रमुख सुमनकुमार लाल कर्ण भन्नुहुन्छ, "अब चिसोले प्रभाव बढाउँदै लग्यो, यसअनुरूप हाम्रो तयारी आवश्यक छ । समयमै गरिने पूर्वतयारीले क्षति रोक्न सकिन्छ ।" यसको पहलकदमी स्थानीय तह र जिल्लास्थित विपद् व्यवस्थापन समितिले थाल्नुपर्ने उहाँको भनाइ छ । *रासस*

# मियामीमा हुने वार्ता त्रिपक्षीय नभएको रूसको भनाइ

मियामी, ६ पुस (एएफपी)। क्रेमलिनले आइतबार युक्रेन, रुस र संयुक्त राज्य अमेरिकाबिच त्रिपक्षीय वार्ता हुने कुरा अस्वीकार गरेको छ। युक्रेन द्वन्द्व अन्त्यका लागि वार्ता गर्न युक्रेन र युरोपका कूटनीतिज्ञहरू मियामीमा भेला भइसकेको समय रूसको यो भनाइ आएको हो।

एक दिनअघि युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले वासिङ्टनले त्रिपक्षीय ढाँचाको प्रस्ताव प्रस्तुत गरेको बताउनुभएको थियो। क्रेमलिनको अपेक्षाअनुसार वार्ता भएमा मस्को र किएभबीच करिब छ महिनाको पहलपछि पहिलोपटक आमनेसामने वार्ता हुनेछ तर यसले युद्धविरामका लागि प्रगतिको आधार तय गर्नेमा भने अझै आशङ्का व्यक्त गरिएको छ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका विदेश नीति सल्लाहकार युरी उशाकोभले पत्रकारहरूसँग भन्नुभयो, "यस पहलबारे अहिलेसम्म कसैले गम्भीरतापूर्वक छलफल गरेका छैनन् र मलाई थाहा भएसम्म यो तयारीमा छैन।"

अमेरिकाको पहलमा त्रिपक्षीय प्रस्तावको खुलासा गर्दै युक्रेनी नेता जेलेन्स्कीले शनिबार भन्नुभयो, "...यसबाट केही नयाँ हुन सक्छ भन्नेमा आफू विश्वस्त नभएको र संयुक्त राज्य अमेरिकालाई युद्ध अन्त्य गर्न रूसमाथि दबाब बढाउन आग्रह गरिएको छ।"

युक्रेनी नेताले आइतवार थप उत्साहित टिप्पणी गर्दै भन्नुभयो, "अमेरिका, युरोपेली नेता र युक्रेनी वार्ताकारहरूबीचको 'रचनात्मक' वार्ता एकदम द्रूत गतिमा अघि बढिरहेको र वार्ता सफल हुने वा नहुने भन्ने कुरा रूसले वास्तवमा युद्ध अन्त्य गर्न आवश्यक महसुस गर्छ कि गर्दैन भन्ने कुरामा धेरै निर्भर देखिन्छ।"

अमेरिकी विशेष दूत स्टिभ विटकोफ र राष्ट्रपति डोनाल्ड ट्रम्पका ज्वाइँ जारेड कुशनरको मध्यस्थतामा गरिने वार्ताका लागि रूसी विशेष प्रतिनिधि किरिल दिमित्रीएभ शनिबार मियामी आइपुग्नुभएको छ। युक्रेनी र युरोपेली टोलीहरू पनि वार्ताका लागि शुक्रबारदेखि मियामीमा भेला भएका छन्।

उशाकोभले भन्नुभयो, "अमेरिकी अधिकारीसँगको वार्तापछि दिमित्रिएभ मस्को फर्कनुहुनेछ आफ्नो रिपोर्ट बनाउनुहुनेछ र आगामी दिनमा रूसले के गर्ने भनेर हामी छलफल गर्नेछौँ।

क्रेमलिनका उच्च सहयोगीले आइतबार रुसी पत्रकारहरूलाई द्वन्द्व अन्त्यका लागि संशोधित अमेरिकी प्रस्तावलाई आफूले नदेखेको बताउनुभएको छ।

वाशिङ्टनले गत महिना युक्रेन र उसका युरोपेली सहयोगीहरूलाई युद्ध अन्त्य गर्न २८ बुँदे योजना प्रस्तुत गरेको थियो। प्रस्तुत योजनाले अमेरिका क्रेमलिनको प्रमुख मागहरूमा व्यापक रूपमा झुकेको रूपमा हेरिएको थियो। यद्यपि, पछि किएभ र युरोपको संलग्नतापछि योजनालाई पुनः मस्यौदा गरिएको छ।

पछिल्लो संस्करणको बारेमा थोरै मात्र थाहा भए पनि किएभले अमेरिकी सुरक्षा ग्यारेन्टीको बदलामा केही क्षेत्र आत्मसमर्पण गर्ने अपेक्षा गरिएको छ। योजनाले धेरै युक्रेनीहरूले असन्तुष्ट पारेको हुनसक्ने बताइएको छ।

हालैका महिनाहरूमा मस्कोका सेनाहरू पूर्वी मोर्चामा लगातार अगाडि बढिरहेका छन् भने रूसी नेता पुटिनले शुक्रबार युद्धमा रूसी सेनाले क्षेत्रीय रूपमा गरेको लाभको प्रशंसा गर्नुभएको थियो।

# दैलेखमा स्तालिन जन्म जयन्तीमा प्रशिक्षण कार्यक्रम

दैलेख, ६ पुस। नेपाल मजदुर किसान पार्टी दुल्लु नपा १२ वडा समितिको आयोजनामा जोसेफ स्तालिनको १४७ औं जन्म जयन्तीको कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा नेमकिपा दैलेखका अध्यक्ष जगत वलीले स्तालिनको जन्म जयन्ती दिवस मनाउनुको अर्थ हामीले पनि स्तालिनजस्तै समाजको स्थापना र जगेर्ना गर्ने शिक्षा सिक्नुपर्ने बताउँदै शत्रु र मित्र पहिचान गरी सोभियत सङ्घजस्तै समाजवाद स्थापनाका लागि सङ्घर्ष गर्नुपर्ने बताउनुभयो।

उहाँले काम गरेर खाने शोषितपीडित निमुखा जनतालाई पुँजीवादी व्यवस्थाले गरेको अन्यायको बारेमा जानकारी दिनुपर्ने उल्लेख गर्दै पुजीवादी पार्टीले काम गरेर खाने सोझा जनतालाई समाजवादको विषयमा नभनी स-साना स्वार्थमा फसाएर राज्य सत्तालाई सधैं आफ्नो बनाउने अवसरवादी नीतिका बारेमा जनतालाई बुझाउन जरुरी छ भन्नुभयो।

जेन-जी आन्दोलनपछि देशमा आएको सरकार पनि पुँजीवादी र विदेशीहरूको इसारामा बनेको सरकार भएकोले जेन-जी आन्दोलनमा निधन हुनेहरूको बलिदान यत्तिकै भएको जानकारी उहाँले दिनुभयो।

उहाँले कार्यकर्ताले निरन्तर गतिविधि गर्ने र नयाँ पुस्तालाई पार्टी र सङ्गठनको विषयमा जानकारी दिनुपर्ने बताउनुभयो।

कार्यक्रममा नेमकिपाका अग्रज कार्यकर्ता काशिराम जैसीले २०४६ सालपछिको नेमकिपाको राजनीतिक सङ्घर्षका बारेमा बोल्नुभएको थियो।

नेमकिपा दैलेखका सदस्यहरू मदन भण्डारी, वीरबहादुर भण्डारी, शिवराज दाहाल र नेक्राविसङ्घ दैलेखको २२ औं जिल्ला सम्मेलन तयारी समितिका संयोजक खेमराज दाहालले पनि बोल्नुभएको थियो।

***स्तालिनको...***

स्तालिनको योगदानलाई कामदार जनताले कहिल्यै भुल्न नसकिने स्पष्ट पार्दै उहाँले भन्नुभयो, "प्रतिक्रियावादीहरूका हरकिसिमका जालझेलहरूबाट बच्ने उपाय स्तालिनको जीवन सङ्घर्षबाट सिक्न सकिने कुरा राख्नुभयो।

केन्द्रीय सदस्य शाहीले भन्नुभयो, "साम्राज्यवादीहरूको षड्यन्त्रबाट पार्टीभित्रकै खराब तत्त्वहरूका कारण स्तालिनको हत्या गरिएको थियो। निर्वाचन जित्नकै लागि साम, दाम, दण्ड र भेद प्रयोग गरी जनताको मतलाई प्रभावित पार्ने संसद्वादी दलहरूको गतिविधिलाई जनताको बिचमा लिएर निर्वाचन पनि एक राजनैतिक सङ्घर्षको रूपमा लिई जनताको घर घर पुग्नु अहिलेको आवश्यकता हो।"

पार्टी जिल्ला समिति कालीकोटका अध्यक्ष खड्गराज शाहीले स्तालिनको योगदानलाई संसारभरका कामदार जनताले उच्च श्रद्धाका साथ स्मरण गरिरहने स्पष्ट पार्दै पार्टी कार्यकर्ताहरू सैद्धान्तिक रूपमा परिपक्व हुनु जरुरी छ भन्नुभयो।

पार्टीले निर्वाचनलाई लेनिनवादी नीतिअनुरूप प्रयोग गरिराखेको हुँदा देश र जनताका सेवामा लाग्नुपर्ने उहाँले बताउनुभयो।

कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक सङ्घका उपाध्यक्ष नरदीप शाही र पार्टी जिल्ला समितिका सचिव धनञ्जय अधिकारीले पनि बोल्नुभएको थियो।

***नयाँ...***

हुन्छ। ज्ञान गुणको कुरा सिक्ने समयमा कुलतमा लागेपछि, कुलतमा लागेर गाँजा, चरेस, भाङ खान थालेपछि, लागूऔषधको सुइ लिन थालेपछि विद्यार्थीहरू कसरी सच्चिन्छन्? हरेक कुराको समयमै ख्याल गर्नुपर्ने हुन्छ; समयमै सतर्कता अपनाउनुपर्छ; सही बाटो ल्याउन निरन्तर प्रयास गरिरहनुपर्छ। समाज, पार्टी या समुदायले नयाँ पुस्तालाई सुसूचित पार्नुपर्छ। नयाँ पुस्तालाई तयार गर्नुको अर्थ पढाइमा राम्रो होस् भन्ने मात्र होइन। पढाइमा राम्रो भएसँगै उनीहरूको चालचलन, आनीबानी आचरण ठीक हुनुपर्छ। कुनै पनि आपराधिक क्रियाकलापमा नलागेको हुनुपर्छ। चोरीचकारी, लुटपाटबाट बच्नुपर्छ। मिलनसार, मृदुभाषी हुनुपर्छ। सहयोगी भावना हुनुपर्छ। कर्तव्यनिष्ठ हुनुपर्छ। सुशील, शिष्ट हुनुपर्छ। नम्र बोल्नुपर्छ। गरिब, दीनदुःखी, निमुखा, अपाङ्ग तथा अस्वस्थहरूलाई हृदयदेखि आदर, सम्मान गर्नुपर्छ।

सामूहिक भावना राखेर सामूहिक सेवामा जुट्नुपर्छ। व्यक्तिगत स्वार्थको लागि कुनै छलकपट, प्रपञ्च या जाल रच्नु हुँदैन। देशको राजनीतिक, आर्थिक, शैक्षिक र स्वास्थ्य, कृषि आदिको अवस्था बुझ्नुपर्छ। देशको सामाजिक संरचना बुझ्नुपर्छ। समाजमा व्याप्त अन्धविश्वास, कुरीति त्याग्दै जानुपर्छ। एकले अर्कोलाई फसाउने, जाली कुरा गर्ने, विकास र प्रगतिमा बाधा हाल्ने कार्यको निन्दा गर्नुपर्छ। चाकडी गरेर विश्वास दिलाउनेतर्फ सावधान हुनुपर्छ। आफ्नो प्रशंसा भएपछि नाक फुलाउने र त्यसमा गर्व गरेर गर्वमाथि लात मार्ने व्यक्तिहरूदेखि सधैं सावधान हुनुपर्छ। जीवनमा दाग लाग्ने काम गरेपछि त्यो मेटाउन गाह्रो हुन्छ। यसैले समाजका कुनै पनि नागरिक जहिल्यै सचेत, सजग र चनाखो हुनुपर्छ।

# हरित र डिजिटल रूपान्तरणमा चीनको बोहाई तेल क्षेत्रको उपलब्धि

बेइजिङ, ६ पुस (सिन्ह्वा)। 'बोहाई तेल क्षेत्र' ले सन् २०२५ मा चार करोड टन तेल उत्पादन गरी ऐतिहासिक रेकर्ड कायम गरेको चीन राष्ट्रिय समुद्री तेल निगमले आइतबार जनाएको छ।

उत्पादन र क्षेत्रफल दुवैमा अगुवा रहेको यो तेल क्षेत्रको रेकर्ड उत्पादनले राष्ट्रिय ऊर्जा सुरक्षा सुनिश्चित गर्न र उच्च गुणस्तरीय आर्थिक तथा सामाजिक विकासमा ठुलो योगदान पुऱ्याउने कम्पनीले जनाएको छ।

बोहाई तेल क्षेत्र हाल ६० भन्दा बढी उत्पादनरत तेल र ग्यास क्षेत्रहरू सञ्चालनमा राखेको छ र यसले अहिलेसम्म ६० करोड टनभन्दा बढी कच्चा तेल उत्पादन गरिसकेको छ। पछिल्ला पाँच वर्षमा यसको तेल र ग्यास उत्पादन वार्षिक रूपमा पाँच प्रतिशतले वृद्धि भएको छ।

कम्पनीका अनुसार बोहाई तेल क्षेत्रले आफ्नो डिजिटल र हरित रूपान्तरणलाई पनि तीव्र बनाएको छ। प्रमुख उपकरणहरूको स्थानीयकरणमा प्रगति भएको छ, जसमा चीनको पहिलो घरेलु विकास गरिएको उपलो पानीमा उत्पादन प्रणाली समेत समावेश छ। साथै, बोहाई तेल क्षेत्रका ८० प्रतिशतभन्दा बढी तेल क्षेत्रहरू स्थल विद्युत् स्रोतसँग जोडिएका छन्।

# स्तालिनको जीवन सङ्घर्षबारे चर्चा

कैलाली, ६ पुस। नेपाल मजदुर किसान पार्टी आठौं जिल्ला सम्मेलन तयारी समिति कैलालीको आयोजनामा स्तालिनको १४७ औं र माओ त्सेतुङको १३२ औं जन्म दिवसको अवसरमा प्रशिक्षण कार्यक्रम आइतबार जानकी गा.पा. ४ मा सम्पन्न भयो।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले स्तालिन र माओत्सेतुङ विश्व सर्वहारावर्गका महान् गुरू भएकाले उहाँको जन्म दिवस संसारका कम्युनिस्टहरूले मनाउने गरेको बताउनुभयो।

माओको योगदानको कारण अहिले चीन विश्वको महाशक्ति बन्न सफल भइरहेको चर्चा गर्दै उहाँले माओका लेख रचनाहरू अध्ययन गरी व्यवहारमा उतार्नु जरूरी भएको बताउनुभयो।

नेमकिपा कैलाली संयोजक रमेशकुमार रावलले डिसेम्बर २१ को दिन स्तालिनको जन्म दिन भएकोले स्तालिनको जीवन सङ्घर्ष र समाजवाद स्थापनाको लागि उहाँको योगदानबारे कार्यकर्ताहरूबिच छलफल जरूरी भएको बताउनुभयो।

कार्यक्रममा कैलाली सचिव गगनबहादुर थापामगरले पनि बोल्नुभएको थियो।

## हार्दिक समवेदना



जन्म : १९८५/04/03
निधन : २०८२/09/01

यस संस्थाका महिला उपसमिति सदस्य बिमला गोराका सासूआमा तथा संस्थाको सदस्य नं. १९५ का **न्हुछेथुकु गोरा**को स्वर्गारोहण भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।

**तलेजु बचत तथा ऋण सहकारी संस्था लि.**
भनपा-३, कोलाछैं

## हार्दिक समवेदना



जन्म : २000/07/१८
निधन : २०८२/09/04

ख्वप कलेजका प्राचार्य तथा ख्वप मा.वि./शारदा क्याम्पस मा.वि.का पूर्वप्राचार्य प्रकाशकुमार श्रेष्ठकी ममतामयी आमा **रामकेशरी श्रेष्ठ**को दु:खद निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ।

**नीलबाराही फोटो स्टुडियो एन्ड स्टेसनरी सेन्टर**
मध्यपुर थिमि, बोडे

## नविन कृषि सहकारी संस्था लि.

जगाती-७, भक्तपुर, फोन नं.०१-६६१२५०७

## १३ औं वार्षिक साधारणसभासम्बन्धी सूचना

यस संस्थाको सञ्चालक समितिको मिति-२०८२/०८/०६ गते बसेको बैठकको निर्णयअनुसार संस्थाको १३ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा गर्ने हुदा सम्पूर्ण शेयर सदस्यहरूमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछ।

**कार्यक्रम**
**मिति** : २०८२/०९/१२ गते, शनिबार
**समय** : बिहान १०:०० बजे
**स्थान** : संस्थाको कार्यकक्ष (जगाती-७, भक्तपुर)

**साधारणसभामा छलफल तथा निर्णयको लागि प्रस्तुत हुने विषयहरू :**

१. आ.व.२०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदन तथा आ.व.२०८२/०८३ को प्रस्तावित कार्यक्रमबारे।
२. आ.व.२०८१/०८२ को वार्षिक आर्थिक प्रतिवेदन तथा आ.व.२०८२/०८३ को अनुमानित बजेटबारे।
३. आ.व.२०८१/०८२ को लेखा सुपरीवेक्षण समितिको प्रतिवेदनबारे।
४. आ.व.२०८१/०८२ को लेखा परीक्षकको प्रतिवेदन पारित गर्नेबारे।
५. आ.व.२०८२/०८३ को लागि लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्नेबारे।
६. आ.व.२०८१/०८२ को शेयर लाभांश तथा संरक्षित पुँजी फिर्ता कोष वितरणबारे।
७. सञ्चालक समितिले गरेका निर्णयहरू अनुमोदनबारे।
८.१३ औं वार्षिक साधारणसभाको निर्णयपुस्तिका प्रमाणित गर्न प्रतिनिधि चयन गर्ने।
९. विविध।

**पुनश्च** :
- उपस्थित शेयर सदस्यहरूलाई र कोपिला बचतकर्ताहरूलाई खाजा खर्च उपलब्ध गराइनेछ।
- ६ महिनाभन्दा बढी नियमित बचत नगर्ने, ऋणको ब्याज नतिर्ने तथा भाखा नाघेका ऋणी सदस्यहरूलाई संस्थाले प्रदान गर्ने सुविधा नदिइने हुँदा यथाशीघ्र संस्थामा सम्पर्क गर्न सूचित गरिन्छ।
- सदस्य महानुभावहरूले संस्थाको पासबुक अनिवार्यरूपमा ल्याउनुपर्नेछ।

*अनुरोधक : सञ्चालक समिति*

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी-२, भक्तपुर

## युवा उद्यमशीलता प्रवर्द्धन ऋणसम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०८/०९ गते**

आ.व. २०८२/८३ को लागि भक्तपुर नगरपालिका क्षेत्रभित्रका १६ देखि ४५ वर्षसम्मका बेरोजगार एवम् आर्थिक रूपले कमजोर तथा विपन्न युवाहरूलाई उद्यमशील बनाउन भक्तपुर नगरपालिका, युवा उद्यमशीलता प्रवर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको कार्यविधि, २०७९ अनुसार युवाहरूलाई पुवा उद्यमशिलता प्रवर्द्धन ऋण प्रदान गर्ने भएकोले युवा उद्यमशिलता प्रवर्द्धन ऋण लिन चाहने नगरवासीहरूले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र देहायका कागजातसहित भक्तपुर नगरपालिकाको प्रशासन शाखामा कार्यालय समयमा दर्खास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. तोकिएको ढाँचामा निवेदन।
२. सम्बन्धित वडा कार्यालयको युवा उद्यमशिलता प्रवर्द्धन ऋणको लागि सिफारिस पत्र।
३. निवेदकको र अभिभावकको नागरिकताको प्रतिलिपि।
४. परिवारका सदस्यहरूमध्ये सम्भव भएसम्म दुई जनाको सहमति पत्र।
५. सम्बन्धित व्यवसायको व्यवसायिक परियोजना प्रस्ताव।
६. भ.न.पा.मा व्यवसाय दर्ता गरेको प्रमाण पत्र।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा